मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ११ ● २०८० साल मंसिर १३ गते बुधबार ● Wednesday 29, November 2023 ● सूर्योदय: बिहान ६:३५ बजे ● सूर्यास्त: साँझ ५:११ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सातै प्रदेशका गृहमन्त्री मधेशको मुद्दामा एकमत

संविधानको अनुसूची ६ मा नेपाल सरकारले प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । ऐन बनेर कार्यान्वयनमा नआउँदा प्रदेश सरकारले संविधानमा व्यवस्था भएबमोजिम शान्ति सुरक्षा कायम गर्न र अपराध अनुसन्धान जस्ता विषयमा केही काम गर्न सकेको छैन ।

– गंगानारायण श्रेष्ठ
गृहमन्त्री
बागमती प्रदेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सात प्रदेशका गृहमन्त्री (आन्तरिक मामिला तथा कानूनमन्त्री)ले मंगलबार काठमाडौँमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर प्रहरी सञ्चालन लगायतका प्रदेश सरकारको अधिकार हस्तान्तरण माग गरेका छन् । उनीहरुले मधेश प्रदेश सरकारले उठान गरेको प्रदेश प्रहरी परिचालनसहित प्रदेश सरकारको अधिकार हस्तान्तरणका विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् ।
मंगलबार दिउँसो गृहमन्त्रीसँग भेट गरेका उनीहरुले साँझ प्रधानमन्त्रीसँग भेटेका हुन् । उनीहरुले दुवै भेटमा प्रहरी समायोजन ऐन तत्काल कार्यान्वयन गर्न ध्यानाकर्षण गराए । २०७६ मै बनेको प्रहरी समायोजन ऐन कार्यान्वयन नहुँदा प्रदेशमा शान्तिसुरक्षा कायम तथा अपराध अनुसन्धान कार्य रोकिएको ध्यानाकर्षण गराए । प्रहरी कर्मचारी ऐन २०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन सुपरिवेक्षण तथा समन्वय ऐन २०७६ माघ २८ गते संसदबाट पारित भएर प्रमाणीकरण भइसक्दासमेत कार्यान्वयन भएको छ । प्रदेश सरकारको संविधानप्रदत्त अधिकार नै हनन भएको सातै प्रदेशका गृहमन्त्रीहरूले ध्यानाकर्षण गराएको बागमती प्रदेशका आन्तरिक मामिला मन्त्री गंगानारायण श्रेष्ठले बताए । उनी माओवादीका तर्फबाट प्रदेश गृहमन्त्री पनि हुन् । भेटमा प्रधानमन्त्री र गृहमन्त्री दुवैले छिट्टो ऐन कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका छन् ।

## मधेशमा रास्वपाः
# माल्यार्पण, बैठक, स्नान, मधेशभोज



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मंसिरको दोस्रो सातादेखि मुलुकको चौथो राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेशमा जरोकिलो गाडेर बसेको छ । पार्टी सभापति तथा पूर्वउपप्रधामन्त्री रवि लामिछानेसहित पार्टी नेतृत्व, सांसदहरु वीरगंज, चपुर, सर्लाही हुँदै सोमबार त कमला नदी विशेषका कार्यक्रममा समेत सहभागी भए । उनले मधेशका सहिदहरुलाई फूलमाला अर्पण गरेर मधेशीको मन जित्न खोजे । यति मात्रै होइन, महोत्तरीको जलेश्वरमा पार्टीको तीन दिने विशेष र विस्तृत बैठक बसाएर मंगलबार मधेशभोजमा सरिक भएको तस्बिर बाहिर ल्याए । मधेशका जनमनमा वैकिल्पक शक्तिका रुपमा रास्वपालाई साथ दिन उनले सार्वजनिक भाषणमा मात्रै आग्रह गरेका छैनन्, दृश्यहरुमा पनि मधेशीमत तान्न उनले प्रयोग गर्नु पर्ने सबै राजनीतिक अस्त्र प्रयोग गरेर अरु दलहरुलाई पनि तरंगित पारिदिएका छन् ।
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), डा.सिके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीसँगै प्रभु साहले स्थापना गरेको आम जनता पार्टीको उपस्थिति रहेको मधेशमा रास्वपाले आफ्नो जादूको प्रयोग गर्न खोजेको देखिन्छ । मंसिर ८ गतेदेखि मधेश आएका रास्वपाका सभापति लामिछानेले मधेशका आठ जिल्लामा सम्मेलन गर्न भ्याए । महोत्तरीको जलेश्वरमा राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति र संसदीय दलको बैठक बुधबार सकिँदैछ ।
अक्सर राजनीतिक गतिविधि महोत्तरीको बर्दिबासमा या धनुषाको जनकपुर, या राजमार्गका सहरहरु नभए वीरगंजमा केन्द्रित हुने गरेका छन् । रास्वपाले एकाएक जलेश्वरलाई राष्ट्रिय अन्तर्राष्ट्रिय समाचारको क्षेत्र बनाइदिए तीन दिने बैठक राखेर । मधेशको मुद्दाका स्पष्ट धारणा दिन नसके पनि रास्वपाले मधेशलाई तरंगित बनाएको पक्कै हो । पहाडी क्षेत्र जस्तो मधेश रास्वपाका लागि सहज होला–नहोला, तर रास्वपाले मधेशमा आफ्नो उपस्थिति जनाउन खोजेको छ । ३९ सदस्यीय पदाधिकारीसहित केन्द्रीय समिति र २१ सांसद रहेको रास्वपाले तीन दिन जलेश्वरमा गरेको बैठकले मधेशबारे केही योजना सार्वजनिक गर्ने अनुमान गरिएको छ । समानुपातिकतर्फ ११ लाख ३० हजार ३ सय ४४ मतसहित चौथो दल बनेको रास्वपा मधेश प्रदेशमा आठौँ स्थानमा छ । मधेशमा उसले जम्मा ७२ हजार ९ सय ३५ मत पाएको थियो ।एक वर्षअघि भएको निर्वाचनमा रास्वपाले मधेस प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये २५ क्षेत्रमा मात्र उम्मेदवार उठाएको थियो ।
निर्वाचन र बाराको उपनिर्वाचनमा पनि गतिलोसँग प्रतिस्पर्धामा आउन नसकेको रास्वपा २०८४ को बहुमतको सरकारको सपनामा मधेशको साथविना अधूरो रहनेमा विस्वस्त रहेकाले पनि मधेशमा उसले केही तरंग दिन खोजेको राजनीतिक जानकारहरु स्वीकार्छन् । कुनै पनि उम्मेदवारले चार हजारभन्दा बढी मत पाउन नसकेको मधेश उसका लागि मत बुटुल्ने भूगोल हुन सकेन भने २०८४ मा पनि समस्या हुने अनुमान छ ।
वाग्ले उपसभापति हुने
राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद डा. स्वर्णिम वाग्लेलाई उपसभापति बनाउने भएको छ । रास्वपाको विधानमा दुई उपसभापति रहने व्यवस्था अनुसार अर्को उपसभापति वाग्ले हुने भएका हुन् । पार्टी गठनदेखि हालसम्म डोलप्रसाद अर्यालमात्र उपसभापति छन् । अर्को उपसभापति अर्थविद् समेत रहेका वाग्लेलाई बनाउन रास्वपा तयार भएको छ । सभापति लामिछानेले नै वाग्लेलाई उपसभापति बनाउने प्रस्ताव मंगलबार जलेश्वरमा जारी बैठकमा गरेका छन् । वाग्लेलाई बुधबार उपसभापति भएको औपचारिक घोषणा गरिनेछ ।
पार्टी वरियतामा सभापति लामिछानेपछि अर्याल र वाग्ले रहनेछन् । यद्यपि यो वरियता योगदान नभए अंग्रेजी अक्षरका आधारमा तय गरिएको हो ।
रास्वपाले केही दिनअघि पार्टीमा आएका डा. नन्दन यादवलाई पनि केन्द्रीय सदस्य बनाउने तयारी गरेको छ । चैतमा कांग्रेसबाट रास्वपा प्रवेश गरेका वाग्लेले वैशाख १० गतेको उपनिर्वाचनमा तनहुँ–१ बाट निर्वाचित सांसद हुन् ।

# आज पूर्वराष्ट्रपति जनकपुरधाम आउने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्व राष्ट्रपति डा. रामवरण यादव आज बुधबार जनकपुरधाम आउने भएका छन् ।
जनकपुरधाम उपमहानगरपालिका–१४ स्थित तपसीबाबा कुटीमा मङ्गलबारदेखि सुरु भएको ११ दिने शिवशक्ति महायज्ञको औपचारिक उद्घटनका लागि डा. यादव आउन लागेका हुन् । आज बुधबार उनले यज्ञ उद्घाटन गर्नेछन् ।
यसअघि यज्ञ सुरु हुनुअघि मंगलबार ६ सय ५१ महिलाले गंगासरोवरबाट बाजासहित जल भरेर परिक्रमा गर्दै यज्ञस्थलमा राखेका छन् । कलश यात्रामा महायज्ञ समितिका अध्यक्ष प्रबोधकुमार राय, १४ का वडाअध्यक्ष, महन्त शत्रुघ्न दास वैष्णवलगायत ठूलो संख्यामा स्थानीयको सहभागिता थियो ।
यज्ञमा कथाकार शिवांश महाराजद्वारा शिव महापुराण कथाका साथै रामलीला हुनेछ । यज्ञ मंसिर २१ गते समापन हुनेछ ।

# कांग्रेस र कम्युनिष्टले देश बर्बाद पारेः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र कम्युनिस्टले देश बर्बाद पारेको आरोप लगाएका छन् । महोत्तरीको एकडरामा आयोजित जसपा पार्टी प्रवेश कार्यक्रममा उनले भने, 'बहुदलीय व्यवस्था आएपछि ३४ वर्षसम्म कांग्रेस र कम्युनिस्टले शासन गरे । तर देशको तरक्की हुन सकेन । यसको जिम्मेवारी कसले लिन्छ ?'
अध्यक्ष यादवले बहुदलीय व्यवस्था आउनुअघि देश बर्बाद पारेको जिम्मा राजतन्त्रले र त्यसपछिको जिम्मा कांग्रेस–कम्युनिस्टले लिनुपर्ने बताए । कांग्रेस र कम्युनिस्टमाथि आक्रोश पोख्दै उनले भने, 'शिक्षा बर्बाद भयो । उद्योगधन्द बन्द भए । कृषि र स्वास्थ्य संस्था बर्बाद भए । वन जंगल विनाश भयो ।' उनले कांग्रेस र कम्युनिस्टले शासन गर्दा देशमा भ्रष्टाचार, कमिसनतन्त्र, लुटतन्त्र र अपराध मात्र बढेको बताए । ३४ वर्षमा देशले तरक्की गर्न नसकेको र अहिले पनि तरक्कीको सम्भावना नरहेको उनले दाबी गरे । अध्यक्ष यादवले देशको तरक्की र किसानको जीवनमा परिवर्तन ल्याउन कृषि आधुनिकीकरण गरिनुपर्नेमा जोड दिए । उनले स्कुलमा राम्रो शिक्षा दिन, अस्पताल सुधार्न, गाउँघरमा उद्योग कलकारखाना खोल्नलगायतका काम गर्न आवश्यक रहेको बताए । उनले भने, 'कांग्रेस र कम्युनिस्टले न देश बनाउन सके, न जनतालाई अधिकार दिन सकिरहेका छन्, न लोकतन्त्रको रक्षा गर्न सकिरहेको छ ।' आफूहरु राम्रो काम गर्न सहयोग गरिरहे पनि उनीहरुले केही गर्न नसकिरहेको यादवले दोहोऱ्याए ।

# पुसमा कांग्रेसको प्रदेश अधिवेशन

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाली कांग्रेस मधेश प्रदेश कार्य समितिको पूर्ण बैठक प्रादेशिक कार्यालय जनकपुरधाममा मंगलबार भएको छ । मधेश प्रदेश सभापति एवम् मधेश प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवको अध्यक्षमा बैठक भएको हो ।
बैठकमा चारबुँदे निर्णय गरी पूर्णरुपमा पालनासहित बैठक सम्पन्न भएको थियो । बैठकमा नेपाली कग्रेस मधेश प्रदेशको अधिवेशन पुस ५ र ६ गते धनुषाधामस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा पार्टी सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्तामा गर्ने निर्णय भएको छ ।
अधिवेशन भव्यताका साथ सम्पन्न र सफल बनाउन आवश्यकताअनुसार उपसमिति तथा कार्यसम्पादन समिति गठन गर्ने निर्णय गरिएको छ । मधेश प्रदेश सम्मेलनमा राजनीतिक सांगठनिक–आर्थिक एवम् महामन्त्रीको प्रतिवेदन तयार गर्न मस्यौदा तयारी उपसमिति गठन गर्ने सहमति भएको छ ।
वडा तहदेखि जिल्लासम्म सम्मेलन गर्न बाँकी रहेका तहलाई सम्मेलन गर्न र प्रदेश अधिवेशन प्रतिनिधि छनोट गरी जानकारी गराउन परिपत्र गर्ने निर्णय गरिएको प्रदेश सूचना सञ्चार तथा प्रचार प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए ।

# सिमा वारिपारीका स्थानीयको नजरबाट हेर्न आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल भारत सम्बन्धलाई काठमाडौँ र दिल्लीको भन्दा सिमा वारिपारी बस्ने स्थानीयको नजरले हेर्न आग्रह गरिएको छ । सुनसरीको देवानगञ्ज गाउँपालिकामा भएको कार्यक्रममा वक्ताहरुले यस्तो बताएका हुन् । नेपाल भारतको एउटा महत्वपूर्ण छिमेकी हो । सदियौँ पुरानो नागरिक सम्बन्ध र विश्वास, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्ध दुवै देशका लागि निकै महत्वपूर्ण रहेको सत्य बुझनुपर्ने उनीहरुको कथन थियो । नेपाल भारत सम्बन्ध कमजोर बनाउने केही तत्वलाई निरुत्साहित गर्नुपर्ने आवश्यकता रहेको पनि उनीहरुले बताए ।
नेपाल भारत खुला सिमा सम्वाद समूहद्वारा आयोजित देवानगञ्ज नरपतगञ्ज अन्तरसम्वाद कार्यक्रममा वक्ताहरुले भने, 'दुवै देशबीच सम्बन्ध खराब हुने कार्य कतैबाट हुनु हुँदैन ।' संविधानसभा सदस्य मुंगालाल यादवले नेपाल र भारतबीचको सम्बन्ध घनिष्ठ अनि विशेष बनाउने प्रमुख तत्व धार्मिक, सामाजिक एवम् सांस्कृतिक समानता भएको बताए । यी दुई देशका जनताले प्राचीन समयदेखि एकैखालका धर्म, संस्कार अंगालेको पाइने बताउँदै उनले मिल्दाजुल्दा सामाजिक, सांस्कृतिक चलन र रीतिरिवाज अवलम्बनले मिलेर बस्ने सन्देश दिएको छ । उनले भारत र नेपालबीचको रोटी–बेटीको सम्बन्ध अहिले मात्र जोडिएको नभई अयोध्याका राजा रामले मिथिलाका छोरी जानकीसँग विवाह गरेको सभ्यता पनि रहेको बताए ।



नेपाल भारत खुला सीमा संवाद समूहका अध्यक्ष राजीव झाले छिमेकीका बीच सानातिना विवाद हुने गरे पनि स्थायी र दीर्घकालीन सम्बन्धमा खासै असर नपर्ने बताए । उनले भने, 'मुख्य कुरो दुई देशबीच आपसी समझदारी छ कि छैन भन्ने मात्रै हो । त्यस्तो समझदारी रहेसम्म सीमावर्ती क्षेत्रमा हिँड्ने पैदलयात्रीको गोडामा बिझ्ने काँडाले सम्बन्धमै खलल पार्दैन ।' खुला सीमाका कारण तस्करी र आतंकवाद बढेको चर्चा गर्नु नै गलत रहेको बताउँदै झाले भने, 'तस्करी र आतंकवाद सुरक्षाकर्मीको गैरजिम्मेवारीका कारण मात्रै हुने गरेको छ । काठमाडौँ एयरपोर्टमा क्विन्टलका क्विन्टल सुन पक्राउ पर्नु तथा नोभेबर २६ मा मुम्बईमा भएको आतंकी हमला र भारतको संसदमा भएको आक्रमण घटना खुला सिमाका कारण नभएको सत्यलाई बुझनुपर्छ ।'
भारतका अररिया जिल्ला परिषद्का उपाध्यक्ष श्रवणकुमार दासले सिमामा देखिएका समस्या समाधानका लागि स्थानीयस्तरबाट पनि समाधान गरिनु पर्ने बताए । उनले भने, 'सिमामा सुरक्षाको कुनै समस्या छैन, जनस्तरबाटै सुरक्षा भइरहेको छ ।' बुर्जु गाउँपालिकाका अध्यक्ष जीवछ रायले सिमामा जस्तो समस्या देखाइएको छ, त्यस्तो नरहेको बताए । 'हामी एक अर्कासँग परिवारजस्तै रहेका छौँ,' उनले भने, 'सीमामा सुरक्षाकर्मीले हामी जस्तोलाई समस्या गरिरहेको छ भने अरुलाई अझै कस्तो समस्या गर्दै होला सहजै बुझन सकिन्छ ।' उनले भारतमा रहेको जग्गाबाट उब्जेको धान नेपाल ल्याउन समस्या भइरहेको बताए । लोसपा सहमहासचिव सन्तोष मेहताले कार्यपत्र प्रस्तुत गर्दै सन् १९५० मा गरिएको 'शान्ति तथा मैत्री सन्धी' पछि नेपाल र भारतबबीच भौगोलिक सिमाना घोषितरुपमा खुला रहेको बताउँदै भने, 'सन्धीको बुँदा नम्बर ७ मा भारत र नेपालका सरकार आवास, सम्पत्तिमाथिको स्वामित्व, वाणिज्य तथा व्यापारमा सहभागिता, आवतजावत सुविधा र यस्तै प्रकृतिका अन्य सुविधामा एउटा देशका नागरिकलाई अर्को देशको भूमिमा पारस्पारिक आधारमा समान सुविधा प्रदान गर्न मञ्जुर गर्दछन् भनिएकाले दुवै सरकारले यसको पालना गर्नुपर्छ ।'
देवानगञ्ज गाउँपालिकाका उपाध्यक्ष कुमारी विभा यादवले खुला सिमाका कारण जति विकास भइरहेको छ, त्यति सिमा बन्द गरेर हुन नसक्ने बताइन् । उनले खुला सिमाका कारण नेपालीले उपचारका लागि सहजै भारत जान पाएको, पढ्न समस्या नभएको बताइन् । जनकपुरधामका पत्रकार सुजीतकुमार झाले भारत शक्तिशाली हुँदै गर्दा दुई देशको सम्बन्धमा फरक नपरेको र नेपालले लाभ लिनसक्ने विषयमा चिन्तन गरिनु पर्ने बताए ।
नेपाल भारत खुला सीमा संवाद समूह सुनसरीका संयोजक राकेश महतोको अध्यक्षतामा भएको कार्यक्रममा जसपा केन्द्रीय सदस्य दिनेश मेहता, लोसपा सुनसरीका अध्यक्ष रामनारायण यादव, अनिलकुमार झा, राष्ट्रिय स्वतन्त्र पार्टीका वीरेन्द्र केएम, एम नेपालका चुन्नी खातुन, रामविलास मेहता, मोहरम अन्सारी, रोशन मेहता लगायतले बोलेका थिए ।

पालिकामा मधेशदृष्टि

# कर्तुत खुल्ने डरले अध्यक्षले गाउँसभा हुन दिएनन्ः उपाअध्यक्ष






**एसपी गौरव**
**सर्लाही ।**

चन्द्रनगर गाउँपालिकाले चालु आर्थिक वर्षको ४ महिना पूरा हुँदासमेत वार्षिक बजेट, नीति तथा कार्यक्रम ल्याउन सकेको छैन । चालु आर्थिक वर्षको पहिलो चौमासिक पूरा हुँदासमेत गाउँपालिका अध्यक्ष र उपाध्यक्ष एवम गाउँपालिकाका जनप्रतिनिधिको विवादका कारण वार्षिक बजेट, नीति तथा कार्यक्रम आउन नसकेको हो ।

चन्द्रनगर गाउँपालिका, नपाएका, उपभोक्ताको करिब ६ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको साथै गाउँपालिकाको सबै विकास निर्माणका काम ठप्प भएको अवस्थामा आफूहरुले पटकपटक गाउँसभा गर्न आग्रह गरेको भए पनि गाउँपालिका अध्यक्ष महतोले आनाकानी गरिरहेको उपाध्यक्ष महतोले बताइन् ।

उनका अनुसार गाउँसभा गर्न बहुमत जनप्रतिनिधिले चारपटक निवेदन दर्ता गराएको भए पनि अध्यक्ष महतोले अध्यक्ष महतोले आफ्नो स्वामित्वमा राखेको रकम कुन शीर्षकमा खर्च गरे भन्ने हरहिसाब देखाउन नसकेको तर आफूलाई अनावश्यक आरोप लगाएको, गाउँपालिका अध्यक्ष महतोले आफ्नो स्वामित्वमा राखेको करोडौँ बजेटबाट शिक्षा, स्वास्थ्य, कृषि एवम् नागरिकका प्रत्यक्ष सरोकारका काममा कहाँ खर्च गरे भन्दै चन्द्रनगर गाउँपालिका–३ का वडा अध्यक्ष सिताराम महतोले प्रश्न गरे ।

गाउँपालिकालाई गाउँपालिकाको नगरसभा हुन नसकेको चन्द्रनगर गाउँपालिका–६ का वडाअध्यक्ष रामस्वरुप राउतले बताए । उनले भने, 'कार्यपालिकाको बैठकमा गाउँपालिका अध्यक्ष महतोले आफूहरुलाई उपस्थितिमा मात्र हस्ताक्षर गराउने र समापनमा हस्ताक्षर नगराई बीचमा आफूखुसी निर्णय गर्ने गरेका पाइएको छ ।'

चन्द्रनगर गाउँपालिकामा कुनै पार्टी विशेष राजनीतिक द्वन्द्व बोलाएका बैठकमा किन जानु, कार्यपालिका बैठक गर्न गाउँपालिकाको आफ्नै हल समेत छ ।'

गाउँपालिकाकी उपाध्यक्ष गीतादेवीसहितका बहुमत सदस्यले गत आर्थिक वर्षको हिसाब पाएपछि मात्र गाउँसभामा सहभागी हुने जनाए पनि गाउँपालिका अध्यक्ष महतोले हिसाब दिनुको सट्टा आफूहरुविरुद्ध सामाजिक सञ्जालका साथै बाहिर गएर गरेका गतिविधि र आफूहरुलाई लगाएका अनर्गल आरोपको पछि नलाग्न चन्द्रनगर गाउँपालिका–७ का वडा अध्यक्ष चौधरीले आग्रह गरे । उनले गाउँपालिका अध्यक्ष महतोले लगाएका आरोप प्रमाणित गर्न चुनौती पनि दिए ।

अध्यक्ष महतोले गतवर्षको हिसाब नै नदिएका कारण गाउँसभा हुन नसकेको गाउँपालिका उपाध्यक्ष गीतादेवीले बताइन् । उनले अध्यक्ष महतोले बसेर सबै खर्चको हिसाब दिनुपर्ने तर्क राखिन् । 'हिसाब दिएर मात्र हुँदैन, उहाँ पनि बसेर हरेक हिसाबबारे जानकारी पनि दिनुप¥यो, चित्तबुझ्दो जवाफ चाहियो,' उनले भनिन्, 'अध्यक्ष महतो हिसाबकिताबका लागि भएको बैठकमा केही समय बसेर भाग्ने गरेका कारण समस्या थप जटिल भएको र आफूहरुको चित्त नबुझेका कारण का अघि बढ्न सकेको छैन ।' उनले थपिन्, 'आफूहरुले मागेको हिसाब स्पष्टरुपमा अध्यक्ष महतोले दिए अरु केही समस्या छैन तर हिसाब पनि नदिने र उल्टै अनावश्यक आरोप लगाउने छुट गाउँपालिका अध्यक्ष महतो छैन ।'

यता, आफूसँग बहुमत नपुगेकाले गाउँसभा गर्न नसकेको अध्यक्ष महतोले बताए । उनले भने, 'गाउँसभा गर्न आफूले प्रयास गरेको तर सानातिना कुरामा उपाध्यक्ष गीतादेवीसहितका बहुमत सदस्यह अल्झिएका कारण समस्या सृजना भएको हो ।'



गाउँकार्यपालिकामा १५ जनप्रतिनिधि रहे पनि १२ जनप्रतिनिधि गाउँपालिका उपाध्यक्ष गीतादेवी महतोका पक्षमा छन् भने अध्यक्ष राजकुमार महतोसहित ३ जना जनप्रतिनिधि गाउँपालिका उपाअध्यक्ष गीतादेवीको विपक्षमा छन् । त्यस्तै, ३९ जनागाउँ सभा सदस्यमध्ये ३० जना गाउँसभा सदस्य गाउँपालिका उपाअध्यक्ष गीतादेवीका पक्षमा छन् भने ९ जना गाउँसभा सदस्य गाउँपालिका अध्यक्ष महतोका पक्षमा छन् ।

तीन जना कार्यपालिका सदस्य र ९ जना गाउँसभाका सदस्यको साथ रहेका गाउँपालिका अध्यक्ष महतोले बहुमतलाई बेवास्ता गर्दै आफूखुसी निर्णय गर्दै भ्रष्टाचार गर्ने र आफूखुसी निर्णय गर्न नपाए कार्यक्रम गर्न नदिने र त्यसको आरोपचाहिँ गाउँपालिका उपाध्यक्ष गीतादेवीलगायतका बहुमत जनप्रतिनिधिलाई लगाउने गरेका चन्द्रनगर गाउँपालिका–३ का वडाअध्यक्ष सिताराम महतोले बताए । उनले आफूहरुले रहरले नभई बाध्य भएर गाउँपालिका अध्यक्ष महतोको विपक्षमा बोल्नु परेको बताए ।

चालु आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम असार १० गते नै गाउँसभा गरेर ल्याउनुपर्नेमा अध्यक्ष महतोले गाउँपालिकालाई कब्जा गरी आफ्नो स्वार्थसिद्ध नहुँदासम्म गाउँसभा हुन नदिएको उपाध्यक्ष गीतादेवीले बताइन् । उनका अनुसार गाउँपालिका अध्यक्ष महतोले आफूहरु बहुमतमा रहेको भए पनि कुनै सल्लाह नगरी आफूखुसी काम गरेका कारण विरोध गर्नु परेको हो ।

गाउँसभा नहुँदा गाउँपालिकाका सबै कर्मचारी एवम् शिक्षकले तलब भत्ता खान नपाएका, सामाजिक सुरक्षा भत्ता लिन गाउँपालिकालाई बन्धक बनाएका छन् । जसका कारण चालु आर्थिक वर्षको ४ महिना बितिसक्दा पनि गाउँसभा हुन नसकेको साथै बहुमत गाउँपालिका सदस्यले आर्थिक वर्ष २०७९–८० को हिसाब माग्दा असार २७ गते दिने बताएका गाउँपालिका अध्यक्ष महतोले हालसम्म पनि हरहिसाब नदिएको, गाउँपालिकाभित्रका विकास निर्माणका कामको कार्यादेश गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले दिनु पर्ने प्रावधान भए पनि गाउँपालिका अध्यक्षले आफूले दिनुपर्ने भन्दै प्रमुख प्रशासकीय अधिकृतलाई पनि दबाब दिएको, आर्थिक वर्ष २०७९–८० को गाउँसभा गर्न सहजता प्रदान गरी दिँदा गाउँपालिका अध्यक्ष महतोले आफ्ना आसेपासे, नातागोता र घरपरिवारको विकासमा लागेका कारण त्यो हरहिसाब राम्रोसँग जनताको माझमा प्रस्तुत गर्न आग्रह गरेको उपाअध्यक्ष गीतादेवीले बताइन् ।

आर्थिक वर्ष २०७९–८० को वार्षिक बजेटमा कुन योजनाका लागि कति रकम छ भन्ने कुरा गाउँपालिका उपाअध्यक्ष गीतादेवीसहित कुनै पनि वडा अध्यक्षलाई जानकारी नै नगराई आफूखुसी गरेका, आर्थिक वर्ष २०७९–८० को गाउँपालिकाको वार्षिक बजेट, नीति तथा योजना समेटिएको पुस्तक हालसम्म पनि प्रकाशन नगरिएको, वडाअध्यक्षको अधिकार हनन् गर्न लागिपरेका, संघीय कानुनसँग बाझिने गरी ऐन नियमावली, कार्यविधि तथा संघीय सरकारले विकास निर्माणको काम गर्दा गाउँपालिका अध्यक्ष महतोसँग पूर्वस्वीकृत लिनुपर्ने बाध्यकारी कानुन बनाएको, गाउँपालिकामा स्थायी कर्मचारी हुँदाहुँदै निकटलाई पोस्न करारका कर्मचारीलाई योजना शाखाको जिम्मा दिएको, गाउँपालिका गैरसरकारीकरण गर्न लागेका गाउँपालिका अध्यक्ष महतोले ८ करोड रुपैयाँ भन्दा बढी बजेट कुनुकुन काममा खर्च गरे, जनतासँग कुरा नामक कार्यक्रममा ७ लाख, धामी सम्मेलनमा १० लाख, सोहजन वितरणमा २२ लाख, पत्रपत्रिकामा खर्च ५७ लाख तथा १ वर्षमा ४ सय ७२ वटा कार्यक्रम सञ्चालन गरेको भन्दै रकम सकाउने र भ्रष्टाचार गर्ने काम गरेको रकमको हरहिसाब जनतालाई स्पष्ट देखाउन आफूहरुले माग गर्दा भ्रष्टाचार गरेको फर्दाफास हुने भएपछि अध्यक्ष महतो एक्लै परेको वडाअध्यक्ष सितारामले बताए । उनले एक वर्षमा गाउँपालिका अध्यक्ष महतोले गरेको इन्धन खर्च नै भ्रष्टाचारको प्रमाण रहेको बताए ।

राष्ट्रिय योजना आयोगबाट आएको १ करोड रुपैयाँ र गाउँपालिकाको विकासका लागि आएको रकमबाट २२ लाख रुपैयाँसहित अध्यक्ष महतोले 'सोहजन आन्दोलन'का नाममा १ करोड २२ लाख रुपैयाँ अनियमितता गर्न खोजेको चन्द्रनगर गाउँपालिका–७ का वडाअध्यक्ष दिपेन्द्र कुमार चौधरीको भनाइ छ ।

आफूहरु चन्द्रनगर गाउँपालिकाको विकास गर्न निर्वाचित भएको र सबैको ध्यान त्यता जानुको सट्टा गाउँपालिका अध्यक्ष महतोको ध्यान अनियमिततातिर गएका कारण विरोध गर्नु परेको चन्द्रनगर गाउँपालिका–४ का वडाअध्यक्ष राजिव सिंह दनुवारले बताए । गाउँपालिका उपाध्यक्ष गीतादेवीसहित बहुमत कार्यपालिका सदस्य एकातिर भए पनि गाउँपालिका अध्यक्ष महतोले सामाजिक सञ्जालमार्फत वा विभिन्न माध्यममार्फत आफूलाई राम्रो र अरुलाई नराम्रो देखाउने खेलमा लागेका कारण चन्द्रनगर नभई गाउँपालिका अध्यक्ष महतोको एक्लै हिँड्ने कार्यशैलीविरुद्ध आफूहरु बोलेको चन्द्रनगर गाउँपालिका–५ का वडाअध्यक्ष सूर्यवंश राय यादवले बताए । उनले भने, 'हामी जनताको काम गर्न,जनताको सेवा गर्न निर्वाचित भएका हौँ तर गाउँपालिका अध्यक्ष महतो भ्रष्टाचार गर भन्छन् हामी कसरी मान्ने ?'

गाउँपालिका अध्यक्ष महतोले कार्यपालिका गाउँपालिकाको सभाहल भन्दा बाहिर बोलाउनु नै शंकास्पद गतिविधि भएको र आफूहरुले गाउँपालिकाको हलमा कार्यपालिका बैठक गरौँ, बाहिरको बैठकको औचित्य छैन भनेर गाउँपालिकाको हल भन्दा बाहिर बोलाइएका बैठकमा आफूहरु नगएको चन्द्रनगर गाउँपालिका–३ का वडाअध्यक्ष सितारामले बताए । उनले भने, 'गाउँपालिका अध्यक्ष महतोले आफूखुसी जहाँ पायो त्यहीँ

## कक्षाका छात्रछात्रालाई पोशाक वितरण

**मधेशदृष्टि**
**पोखरिया ।**

पर्साको धोबिनी गाउँपालिकाको वडा नम्बर ५ मा रहेको अजिज मिया माध्मिक विद्यालय धोबिनीको कक्षा ११ मा अध्ययनरत छात्रछात्रालाई विद्यालय पोशाक वितरण गरिएको छ ।

धोबिनी गाउँपालिको वडास्तरीय योजनाबाट कक्षा ११ का सम्पूर्ण छात्रछात्रालाई कोट, पाइन्ट, सर्ट र टाई वितरण गरिएको विद्यालयका प्रधानाध्यापक जितेन्द्र रामले जानकारी दिए । वडाध्यक्ष मनौवर अहमदको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाको योजना शाखा प्रमुख पप्पु पटेल, वडा सचिव जितेन्द्र प्रसाद चौहान, सुनिल मुखिया, सुवास चौधरीलगायतको उपस्थिति थियो ।

यसैबीच, अजिज मिया माध्यमिक विद्यालय धोबिनीमा मंगलबार सम्पन्न अभिभावक भेलाले विद्यालयमा स्नातक तह सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन गाउँपालिका तथा अन्य निकायसँग समन्वय गर्ने निर्णय गरेको प्रधानाध्यापक जितेन्द्र रामले बताए ।

## राजविराजमा युवाको सिट्ठी जुलुश




**मधेशदृष्टि**
**राजविराज ।**

अलपत्र अवस्थामा रहेको सप्तरीको राजविराज नगरपालिका– १० बिरौलस्थित रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणको माग गर्दै सप्तरी युथ नेपालले आन्दोलनको तेस्रो दिन मंगलबार सप्तरी सदरमुकाम राजविराजमा सिठ्ठी जुलुस प्रदर्शन गरेको छ । राज रङ्गशालाबाट निकालिएको युवाको सिठ्ठी जुलुस नगरको विभिन्न भाग परिक्रमा गर्दै जनआन्दोलन चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । युथ नेपाल अन्तर्गतको आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवको अध्यक्षतामा भएको कोणसभामा बोल्दै वक्ता ठप्प रहेको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण कार्य अविलम्ब सञ्चालन गर्न माग गरे ।

प्रतिष्ठान निर्माण स्थलमा ४४ दिनदेखि रिले अनशन बसिरहेका स्थानीयबासीले उठाएको माग सम्बोधन गरी अनशन स्थगन गराउनेतर्फ सरकारलाई गम्भीर हुन आग्रह गर्दै वक्ताले शान्तिपूर्ण सङ्घर्षबाट सुनुवाइ नभए जारी आन्दोलनलाई निरन्तरता दिँदै थप सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए । कोणसभालाई रिले अनशनको नेतृत्वकर्ता राम कुमार दास, नेकपा एमालेका युवा नेता अखिलेश झा, सप्तरी युथका सदस्य मुस्तकिन आलम, सुरज यादव, बसन्त यादव, जय राम यादव ,अनिल यादव, पशुपति कर्ण, श्याम राउतसहितकाले सम्बोधन गरेमा थिए । १३ गते बुधबार टर्च बालेर नेता तथा सांसदको खोजी, १४ गते बिहीबार जिल्ला प्रशासन कार्यालयको मूलगेटमा १ घण्टा धर्ना र १५ गते शुक्रबार जिल्ला प्रशासन कार्यालयको मूलगेटमा २ घण्टा धर्ना दिने कार्यक्रम रहेको राम कुमार दासले बताए ।

## बिहीबारदेखि खानेपानी सेवा सुरु



**सञ्जय मिश्रा**
**रौतहट ।**

लामो समयदेखि बन्द कटहरियाको खानेपानी सेवा तत्काल सुरु गराउने नगरपालिकाले निर्णय गरेको छ । मेयर अजय प्रकाश जैसवालको अध्यक्षतामा मंगलबार बसेको नगर कार्यपालिका बोर्डको बैठकले खानेपानीको समाधान गर्न विद्युत् प्राधिकरणको बक्यौता महसुल तिर्न रकमसमेत विनियोजन गरेको छ । बैठकले खानेपानीको विद्युत् महसुल बुझाउन नगरपालिकाबाट १६ लाख रुपैयाँ विनियोजन गरिएको मेयर जैसवालले बताए । बक्यौता विद्युत महसुल ढिलोमा बिहीबारसम्म विद्युत् प्राधिकरण मौलापुरमा बुझाएर तत्काल खानेपानी सेवा सुरु गराउने मेयर जैसवालले जानकारी दिए ।खानेपानीका लागि वडा नम्बर ४ र ५ अन्तर्गत छुटेका घरमा पाइप विस्तारका लागि बैठकले दुईलाख रुपैयाँ छुट्याएको छ । त्यसैगरी, अलपत्र अवस्थामा रहेका कटहरिया बजार व्यवस्थित गरी केही दिनभित्र टेन्डर आह्वान गर्ने र कटहरिया नगरपालिकामा नगर प्रहरी भर्ना गर्ने निर्णयसमेत गरिएको मेयर जैसवालले बताएका छन् ।खानेपानी सेवा सुरु तत्काल गराउने र बाँकी कामको नियम प्रक्रिया मिलाएर अगाडि बढाउने मेयर अजय प्रकाश जैसवालले जानकारी दिए । यसअघि खानेपानी उपभोक्ता समितिले लामो समयदेखि पानी सप्लाइ नगरेका कारण यहाँका सैयौँ परिवार शुद्ध खानेपानीबाट वञ्चित भएका थिए । तेस्रो सानो सहरी आयोजना इटहरीको पहलमा कटहरियामा निर्माण गरिएको खानेपानी आयोजनाले वडा ४ र ५ अन्तर्गत १ हजार ६ सय परिवारमा शुद्ध खानेपानीको आपूर्ति गर्दै आएको थियो ।

## १० लाख रुपैयाँसहित भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

सशस्त्र प्रहरीले भारतको रक्सौलबाट वीरगंज आउँदै गरेको अवस्थामा मंगलबार दिउँसो स्रोत खुल्न नसकेको १० लाख रुपैयाँसहित भारतीयलाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी गण नम्बर १३ हेडक्वाटर पर्सा र सिमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको संयुक्त टोलीले वीरगंज रक्सौल सडकखण्डको भन्सार गेट अगाडिबाट रक्सौल हुँदै वीरगंज आउदै गरेको बिआर ०५ एआर ८१०१ नम्बरको भारतीय मोटरसाइकलमा सवार भारतीय नागरिकबाट रकम बरामद गरेको हो ।

हेलमेट भित्रबाट स्रोत नखुलेको १० लाख रुपैयाँसहित पूर्वचम्पारण रक्सौल, अरुवा टोलका२३ वर्षीय उमेश यादवलाइ पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

बरामद रुपैयाँ र यादवलाई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण, हेडक्वाटर पर्साका सूचना अधिकारी डिएसपी संगम श्रेष्ठले बताए ।

## मिटरब्याजीकी छोरी समातिइन्

**मधेशदृष्टि**
**राजविराज ।**

सप्तरीका मिटरब्याजी रामदेव साहको जेठी छोरी रेणु साह पक्राउ परेकी छिन् ।

मिटरब्याजी आरोपमा अदालतले दोषी ठहर साहलाई प्रहरीले जनकपुरबाट सोमबार नियन्त्रणमा लिएको हो । पक्राउ परेकी साह इलाका प्रहरी कार्यालय कल्याणपुरको हिरासतमा छिन् । सप्तरी जिल्ला अदालत राजविराजले २०७९ कात्तिक १६ गते पक्राउ पुर्जी जारी गरेपछि साह फरार थिइन् । रेणु मिटरब्याजी रामदेव साहको जेठी छोरी हुन भने खडक नगरपालिका–७ कल्याणपुरका रामदेव अझै फरार छ्न ।

यसअघि साहका छोरा नन्दकिशोर २०७९ जेठ २६ गते धरानबाट पक्राउ परेका थिए भने उनकी कान्छी छोरी अनुराधा साह २०७९ जेठ २८ गते काठमाडौँबाट पक्राउ परेकी थिइन् । पक्राउ परेका दुवै राजविराज कारागारमा छन् ।

रामदेवसहित ८ जनाविरुद्ध तैयव अलिसहितका १७ जना मिटरब्याजी पीडितले २०७८ माघमा प्रहरीमा निवेदन दर्ता गराएका थिए ।

उनीहरूले ऋण लिएको साँवा व्याज चुक्ता गर्दासमेत दृष्टिबन्धक राखेको जग्गा फिर्ता नगरेले आफूहरू घरबारविहीन हुनुपरेको भन्दै कारबाहीका लागि पीडितले प्रहरीमा उजुरी गरेका थिए ।

## भारतीय कुखुरा नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको जिराभवानी गाउँपालिकाबाट प्रहरीले प्रतिबन्धित भारतीय बोइलर कुखुरा बरामद गरी नष्ट पारेको छ । इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीको नेतृत्वमा खटिएको गस्ती टोलीले जीराभवानी गाउँपालिका वडा नम्बर ३ परसवाबाट ४५ किलोका १३ वटा भारतिय बोइलर कुखुरा नियन्त्रणमा लिएको थियो ।

बरामद कुखुरा इलाका प्रहरी कार्यालयको प्राङ्गणमा खाडल खनेर स्थानीय जनप्रतिनिधि, समाजसेवी र सञ्चारकर्मीको रोहवरमा नष्ट गरिएको प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए ।

# विकराल बन्यो बराइँसराइको समस्या




**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइका कारण सिर्जित समस्या विकराल बन्दै गएकाले त्यसलाई समाधान गर्न आवश्यक रहेको बताएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)को सहकार्यमा मंगलबार काठमाडौँमा आयोजना भएको 'जनसङ्ख्या र बसाइँसराइ व्यवस्थापन सबलीकरणसम्बन्धी राष्ट्रिय परिसंवाद' कार्यक्रममा मन्त्री बस्नेतले योजनावद्ध विकास अवधारणाको प्रभावकारी कार्यान्वयन र शासकीय क्षमतामा सुधारमार्फत अहिलेका समस्या समाधान गर्न सकिने बताए । 'पन्ध्रौँ आवधिक योजना र राष्ट्रिय जनसङ्ख्या नीति, २०७२ मा बसाइँसराइको समस्यालाई यथोचित रुपमा सम्बोधन गर्ने प्रयास गरिएको भए पनि समस्याको समाधान गर्न सकिएको छैन । सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनवटै तहका सरकार यी समस्याबारे सजक हुन आवश्यक छ', स्वास्थ्यमन्त्री बस्नेतले भने, 'स्रोत साधनको व्यवस्थापन, क्षमता विकास, विकासमा समन्वय र आन्तरिक अर्थतन्त्रमा बढोत्तरी गरेर बसाइँसराइका समस्या सम्बोधन गर्न सकिन्छ ।'

नेपालका गाउँमा जनसङ्ख्या न्यून हुँदै गएर देशलाई आवश्यक जनशक्ति प्राप्त हुन नसक्ने तर विकासका लागि बाह्य जनशक्ति ल्याउनुपर्ने अवस्था छ रहेको उनले बताए । विकासका क्रियाकलापलाई व्यवस्थित गर्ने, सरोकारवाला निकायमा साझा अवधारणा निर्माण गर्ने, र बसाइँसराइमा देखिएका समस्या तथा चुनौतीलाई सामूहिकरुपमा सम्बोधन गर्नुपर्ने बेला आएको स्वास्थ्यमन्त्री बस्नेतको भनाइ छ । विभिन्न कारणले हिमाल र पहाडको जनसङ्ख्या घट्दै गएर तराई क्षेत्रमा बढेको र विदेशी मुलुकमा बसाइँसराइ गरेर जाने क्रम बढेको पनि उनले बताए । त्यस्तै, चिकित्सा शिक्षा ऐन संशोधन गर्दै जाने र चिकित्सा शिक्षा पढ्ने वातावरण सहज बनाउने स्वास्थ्यमन्त्री बस्नेतको भनाइ छ । नेपालका ठूला अस्पताललाई चिकित्सा शिक्षा अध्ययन प्रतिष्ठानका रुपमा विकास गर्न सकिने उनको भनाइ छ ।त्यस अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले नेपालमा बाह्य तथा आन्तरिक बसाइँसराइ उच्च रहेका कारण वितरणमा असमानता बढ्दै गएको र यसबाट आर्थिक उत्पादन तथा वितरणमा प्रत्यक्ष प्रभाव पर्न गएको बताए । 'गरिबी, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसोबास, बसाइँसराइ र आप्रवासनका कारण जनसङ्ख्या र विकासकाबीच असन्तुलन देखिएको छ । यसले आन्तरिक उत्पादन र समग्र अर्थतन्त्रमा प्रभाव बढ्दै गएको छ', सचिव गुरागाईँले भने । प्रजननदर घट्दै गएको, औसत आयुमा वृद्धिहुँदै गएको, युवा दक्षजनशक्ति विदेशिने क्रम जारी रहेको, ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दोक्रममा रहेको जस्ता प्रवृत्ति अहिले देखिएको पनि उनले बताए । विकास गर्दा जनसङ्ख्यालाई केन्द्रमा राखिनुपर्ने सचिव गुरागाईँको भनाइ छ ।आइओएम मिसनको नेपालका प्रमुख हेलेन फोर्सले दिगो विकाससँग सम्बन्धित लक्ष प्राप्तिका लागि पनि बसाइँसराइ एक महत्वपूर्ण पक्ष रहेको बताए । त्यस्तै, जनसङ्ख्या घट्ने बढ्ने प्रवृत्तिको विश्लेषणबाट नेपालको नीति निर्माणमा सहयोग पुग्ने बताए ।

# कृषि पढ्ने विद्यार्थी घटे

सिन्धुलीको मरिन, महोत्तरीको बर्दिबास, धनकुटाको पार्खिबास, कास्कीको पुरनचौर, कैलालीको टीकापुर र दैलेखको दुल्लुमा रहेका आङ्गिक क्याम्पसमा ५४–५४ जनाको कोटा छ । रोल्पाको मणिचौर र बाँकेको खजुरामा ४९–४९ कोटा छ ।
विद्यार्थीलाई राम्रो क्याम्पसमा पढ्न पाउँदै गर्दा राष्ट्रिय–अन्तर्राष्ट्रिय महत्व राख्छ भन्ने परेकै कारण बाहिर गएको उनले बताए । सबै विषयको अध्ययन गरी विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिने गरी काम अघि बढाएको छ ।




**नारायण अधिकारी**
**चितवन ।**
कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु) मा कृषि विषय अध्ययन गर्ने विद्यार्थी घट्दै गएका छन् । पछिल्ला वर्षहरूमा कतिपय आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त निजी क्याम्पसमा विद्यार्थी शून्य भएका हुन् । विश्वविद्यालयको कृषि सङ्कायमा विगतमा चार हजार पाँच सयसम्म विद्यार्थीले कृषि स्नातकका लागि आवेदन दिने गरेका थिए । पछिल्ला वर्षहरूमा क्रमशः घट्दै गएर यस वर्ष एक हजार तीन सय ६५ जनाले मात्रै आवेदन दिएका छन् । तीमध्ये एक हजार ५५ जना प्रवेश परीक्षामा उत्तीर्ण भएका छन् ।कृषि सङ्कायका डिन प्रा डा अर्जुनकुमार श्रेष्ठका अनुसार विद्यार्थीको सङ्ख्या घट्दो छ । गत वर्ष एक हजार पाँच सय २३ जनाले आवेदन दिएकामा सात सय ५३ उत्तीर्ण भएका थिए । त्यसको अघिल्लो वर्ष उत्तीर्ण हुनेको सङ्ख्या आठ सय थियो । एक हजार सात सय जनाले आवेदन दिएका थिए ।उनले चार हजारभन्दा बढी विद्यार्थीले आवेदन दिने गरेकामा क्रमशः घट्दै गएको बताए । विश्वविद्यालयको दैलेखको दुल्लुस्थित प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा गत वर्ष विद्यार्थी शून्य भएका थिए । विश्वविद्यालयको केन्द्रीय क्याम्पस रामपुर, कास्कीको पुरनचौर र सिन्धुलीको मरिनबाहेकका आङ्गिक क्याम्पसमा आधाभन्दा पनि कम विद्यार्थी पढाउनुपरेको उनले जानकारी दिए । विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सातवटा निजी क्याम्पसमा गत वर्ष विद्यार्थीको अभावमा पठनपाठन हुन सकेन । सातवटै क्याम्पसमा विद्यार्थीको अभावमा पढाइ हुन नसकेको हो । विश्वविद्यालयको रामपुरमा केन्द्रीय क्याम्पस, आठवटा आङ्गिक क्याम्पस र सातवटा सम्बन्धन प्राप्त निजी क्याम्पस छन् ।

केन्द्रीय क्याम्पस रामपुरमा एक सय ६२ जनाको कोटा निर्धारण गरिएको छ । सिन्धुलीको मरिन, महोत्तरीको बर्दिबास, धनकुटाको पार्खिबास, कास्कीको पुरनचौर, कैलालीको टीकापुर र दैलेखको दुल्लुमा रहेका आङ्गिक क्याम्पसमा ५४–५४ जनाको कोटा छ । रोल्पाको मणिचौर र बाँकेको खजुरामा ४९–४९ कोटा छ । त्यस्तै सम्बन्धन प्राप्त निजी क्याम्पसहरू पूर्वाञ्चल कृषि क्याम्पस, नितिका कृषि सहकारी संस्था इटहरी, हिमछायाँ कलेज गैँडाकोट, रामनगर टेक्निकल कलेज नवलपरासी, भ्याली कृषि क्याम्पस ललितपुर, गोरखा पोलिटेक्निक एण्ड रिसर्च सेन्टर कोहलपुर बाँके र ब्राइट मध्यपश्चिम कृषि कलेज सुर्खेतमा ५०–५० जनाको कोटा भए पनि गत वर्ष विद्यार्थी भर्ना भएनन् ।विश्वविद्यालयमा आङ्गिक र सम्बन्धन प्राप्त कलेज गरी नौ सय ३४ जनाले अध्ययन गर्न पाउने भए पनि विद्यार्थी प्रवेश परीक्षामा उत्तीर्ण सङ्ख्या नै कम भएपछि विद्यार्थीको अभाव भएको हो । परीक्षा उत्तीर्ण भएका सबै विद्यार्थीले कृषि नै पढ्ने नहुँदा पनि सङ्ख्या कम हुने गरेको छ । प्रवेश परीक्षामा विगतका वर्षहरूमा कम विद्यार्थी उत्तीर्ण हुने भए पनि कलेजहरूमा विद्यार्थीको सङ्ख्या कम भएपछि यस वर्ष उत्तीर्ण दर बढेको छ । विद्यार्थीको आकर्षण हुँदै गर्दा उत्तीर्ण भएर पनि कोटाको अभावमा धेरै विद्यार्थीले अध्ययन गर्ने अवसर पाउँदैनथे ।प्रा डा श्रेष्ठ सरकारले कृषि शिक्षासम्बन्धी नीतिमा नै सुधार नगरेसम्म विद्यार्थीको सङ्ख्या नबढ्ने बताउँछन् । सरकारलाई कति कृषि प्राविधिक आवश्यक पर्छ, त्यसैअनुसार कलेज सञ्चालन गर्नुपर्ने उनको भनाइ छ । सरकारको निर्देशनानुसार कृषि विश्वविद्यालयले दूरदराजमा आङ्गिक क्याम्पस खोलेको भए पनि बजेट अभावमा क्याम्पसको भौतिक संरचना र कर्मचारीको व्यवस्थापन हुन नसकेको उनको तर्क छ ।विश्वविद्यालयका कृषि सङ्कायका भर्ना समितिका सदस्य सहप्राध्यापक रामहरि तिमिल्सेना कक्षा १२ मा विज्ञान पढेका विद्यार्थी विदेश जाने लहरसँगै कृषि पढ्नेको सङ्ख्या घट्दै गएको बताउँछन् । यससँगै

**सरकारले सबै विश्वविद्यालयलाई कृषि पढाउन अनुमति दिएपछि कृषि, भेटेरेनरी, मत्स्य र वनमात्रै पढाउनका लागि खुलेको विश्वविद्यालयअन्तर्गत का क्याम्पसमा विद्यार्थी अभाव भएको बताए । सात विश्वविद्यालयका ३५ वटा क्याम्पसले कृषि स्नातक पढाउँदै आएका छन् ।**

तीमध्ये १६ वटा क्याम्पस कृषि विश्वविद्यालयका हुन् भने अन्य क्याम्पस अरु विश्वविद्यालयको भएको उनले जानकारी दिए । कृषि सङ्कायले यस वर्ष ५० प्रतिशतभन्दा कम विद्यार्थी भर्ना भएमा नजिकको आङ्गिक क्याम्पसमा विद्यार्थी सारेर एकै ठाउँमा पढाउनुपर्ने नीतिगत निर्णय गरेको छ ।विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यप्रसाद रेग्मीले विद्यार्थी बढ्ने गरी नीतिगतरूपमा विश्वविद्यालयले सुधारका काम गरेकाले आउँदा वर्षहरूमा विगतझैं विद्यार्थीको आकर्षण बढ्ने बताए । बाहिर पढ्दा छात्रवृत्तिसँगै काम गर्दै पढ्दै गर्ने अवसर प्राप्त हुन्छ भन्ने उद्देश्यले धेरै विद्यार्थी विदेश गएको उनले बताए । ती विद्यार्थीलाई राम्रो क्याम्पसमा पढ्न पाउँदै गर्दा राष्ट्रिय–अन्तर्राष्ट्रिय महत्व राख्छ भन्ने परेकै कारण बाहिर गएको उनले बताए । सबै विषयको अध्ययन गरी विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिने गरी काम अघि बढाएको उनको भनाइ छ । उनले भने, 'विद्यार्थीलाई यही गुणस्तरीय शिक्षा दिइन्छ भन्ने विश्वस्त नपारेसम्म विद्यार्थी रोकिँदैन ।'
पाठ्यक्रम पुरानो भएकाले संशोधन गरेर यसै शैक्षिकसत्रबाट नयाँ पाठ्यक्रमअनुसार पढाइ सुरु गर्न लागिएको उनले जानकारी दिए । प्रयोगात्मक कक्षा बढ्ने गरी नयाँ पाठ्यक्रम लागू गर्न लागिएको छ । हालसम्म प्रयोगात्मक ३७ प्रतिशत र लिखित ६३ प्रतिशत रहेकामा प्रयोगात्मकलाई ४५ प्रतिशत पुर्याउने गरी पाठ्यक्रम लागू गर्न लागिएको छ । यसले उद्यमशीलता बढाउने उपकुलपति रेग्मीले विश्वास व्यक्त गरे । पाठ्यक्रम परिमार्जन गर्ने, समयमा पढाइ र परीक्षा गर्ने, विश्वविद्यालयमा तालाबन्दी र हड्ताल रोक्नेजस्ता काम गरेसँगै विद्यार्थीको आकर्षण बढ्ने उनको विश्वास छ । शैक्षिक क्यालेण्डरअनुसार सबै सङ्कायको पढाइ र परीक्षा एउटै समयमा हुन थालेको उनले बताए ।

# त्रिपालमुनि एक हजार ७६ सुत्केरी !

- भूकम्प पीडित मौसम अनूकुल नहुँदा बिरामी
- पाँच वर्षमुनिका १२,४०४ बालबालिका प्रभावित
- ६७४ गर्भवती, २८२ सुत्केरी प्रभावित
- १,८३२ दीर्घरोगी प्रभावित



**हेमन्त केसी**
**जाजरकोट ।**
गत कात्तिक १७ गते राति यहाँको रामीडाँडा केन्द्रविन्दु बनाएर ६ दशमलव ४ म्याग्निच्युटको भूकम्पबाट घरमा क्षति भएपछि सबैभन्दा बढी सुत्केरी, ज्येष्ठ नागरिक तथा बालबालिका समस्यमा परेका छन् ।त्रिपालका सहारामा बस्नुपर्दा चिसोका कारण उनीहरूलाई विभिन्न खालका स्वास्थ्य समस्या देखापरेको छ । भूकम्पपीडितको चिसोका कारण ज्यानसमेत गएको छ । भूकम्पबाट ठूलो मात्रामा घरबासविहीन भएका सर्वसाधारण मौसम अनूकुल नहुँदा बिरामी पर्ने गरेको पाइएको छ ।अहिले यहाँका स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामीको भीड नै लागेको छ । जिल्लास्वास्थ्य सेवा कार्यालयले उपलब्ध गराएको तथ्याङ्कानुसार भेरी नगरपालिकामा ४९ हजार ७२ जनसङ्ख्या प्रभावित भएका थिए । बयालीस जनाको मृत्यु भएको थियो भने पाँच सय ५५ जना घाइते भएका थिए । पाँच वर्षमुनिका चार हजार एक सय १५ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने छ सय ७४ गर्भवती, दुई सय ८२ सुत्केरी, दुई हजार आठ सय ३६ ज्येष्ठ नागरिक, एक हजार ६५ दीर्घरोगी र चार सय आठ अपाङ्गता भएका व्यक्तिसहित नौ हजार तीन सय ८० जनसङ्ख्या भूकम्पको प्रभावबाट जोखिममा

आंशिकरूपमा भत्किएको पाइएको छ ।जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रशासकीय अधिकृत हरिशचन्द्र शर्माका अनुसार छेडागाड नगरपालिकामा एक हजार तीन सय ५२ जनसङ्ख्या प्रभावित भएका थिए । एकजनाको मृत्यु भएको थियो भने पाँचजना घाइते भएका थिए । पाँच वर्षमुनिका तीन सय ७२ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ८६ गर्भवती, ६६ सुत्केरी, दुई सय चार ज्येष्ठ नागरिक, १५ दीर्घरोगी र नौ अपाङ्गता भएकासहित सात सय ४३ जनसङ्ख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् ।

आठवटा स्वास्थ्य संस्था

आंशिकरूपमा भत्किएको पाइएको छ ।नलगाड नगरपालिकामा २९ हजार दुई सय नौ जनसङ्ख्या

थिए । पाँच वर्षमुनिका एक हजार चार सय ९९ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने एक सय ८१ गर्भवती, ७५ सुत्केरी, चार सय ३९ ज्येष्ठ नागरिक, दुई सय २३ दीर्घरोगी र ४५ अपाङ्गतासहित दुई हजार चार सय १७ जनसङ्ख्या भूकम्पको प्रभावबाट जोखिममा छन् । पूर्णरूपमा एक र आंशिकरूपमा चार स्वास्थ्य संस्था भत्किएका छन् । भूकम्पबाट शिवालय गाउँपालिका ११ हजार आठ सय ४३ जनसङ्ख्या प्रभावित भएका थिए । दुई जना घाइते भएका थिए । पाँच वर्षमुनिका चार सय ६२ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ४९ गर्भवती, दुई सुत्केरी, ५१ ज्येष्ठ नागरिक, दीर्घरोगी र अपाङ्गतासहित चार सय ४६ जनसङ्ख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् । दुईवटा स्वास्थ्य संस्था आंशिकरूपमा भत्किएको पाइएको छ । भूकम्पबाट जुनिचाँदे गाउँपालिकामा एक हजार नौ सय ५० जनसङ्ख्या प्रभावित भएका थिए । पाँच वर्षमुनिका ७८ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ४७ जना गर्भवती, ४७ सुत्केरी, ९३ ज्येष्ठ नागरिक, १८ दीर्घरोगी र २२ अपाङ्गतासहित दुई सय ८३ जनसङ्ख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् । पन्ध्रवटा स्वास्थ्य संस्था आंशिकरूपमा भत्किएको छ ।

### विवरण अझै सङ्कलन हुँदै

मङ्सिर ७ गतेभित्र पालिकाले क्षतिको विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउन अनुरोध गरे पनि अझै विवरण आउन सकेको छैन । पालिकाले भने मङ्सिर १० गतेसम्म विवरण पठाउन समय माग गरेका थिए । छरिएर रहेका घर, एक ठाउँबाट अर्को ठाउँमा पुग्न धेरै समय लाग्ने भएकाले तथ्याङ्क सङ्कलन गर्न समय लागेको पालिकाका प्रमुखले बताएका छन् । पटक–पटक बदलिने कार्यविधिका कारण पनि तथ्याङ्क सङ्कलनमा विलम्ब भएको स्थानीय तहले बताएका छन् । अबको दुई दिनभित्र सबै विवरण आउने सम्भावना रहेको जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रशासकीय अधिकृत शर्माले बताए ।



छन् । स्वास्थ्य संस्था आठवटा पूर्णरूपमा र आठवटा आंशिकरूपमा भत्किएको पाइएको छ ।कुशे गाउँपालिकामा २५ हजार आठ सय १५ जनसङ्ख्या प्रभावित भएका थिए । सातजनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए । पाँच वर्षमुनिका दुई हजार नौ सय ४५ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने पाँच सय १५ जना गर्भवती, दुई सय ३० सुत्केरी, नौ सय २० ज्येष्ठ नागरिक, दुई सय ७७ दीर्घरोगी र ८८ अपाङ्गता भएका व्यक्तिसहित चार हजार नौ सय ७५ जना भूकम्प प्रभावित जोखिममा रहेका छन् । पाँचवटा स्वास्थ्य संस्था पूर्णरूपमा र १३ वटा प्रभावित भएका थिए । बाउन्न जनाको मृत्यु भएको थियो भने ८६ घाइते भएका थिए । पाँच वर्षमुनिका तीन हजार ३३ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने तीन सय ३१ गर्भवती, तीन सय ७४ सुत्केरी, एक हजार चार सय ८३ ज्येष्ठ नागरिक, दुई सय ३४ दीर्घरोगी र दुई सय ५० अपाङ्गता भएका व्यक्तिसहित तीन हजार हजार नौ सय ४४ जना भूकम्पको प्रभावबाट जोखिममा छन् । एक स्वास्थ्य संस्था पूर्णरूपमा र पाँचवटा आंशिकरूपमा भत्किएको पाइएको छ ।बारेकोट गाउँपालिकामा १९ हजार छ सय ७६ जनसङ्ख्या प्रभावित भएका थिए भने दशजना घाइते भएका भूकम्पबाट एक लाख २८ हजार नौ सय १७ जना प्रभावित भएको पाइएको छ ।भूकम्पपछि प्रभावित जोखिम जनसङ्ख्या २२ हजार दुई सय छ रहेको छ । पाँच वर्षमुनिका १२ हजार चार सय चार बालबालिका प्रभावित भएका छन् भने एक हजार आठ सय ८३ गर्भवती त्रिपालमा बस्न बाध्य छन् । त्यसैगरी एक हजार ७६ जना सुत्केरी त्रिपालको सहारामा खुला आकाशमा बस्न बाध्य छन् । एक हजार आठ सय ३२ दीर्घरोगी, आठ सय ५० जना अपाङ्गता भएका व्यक्ति पनि समस्यमा छन् । पूर्णरूपमा १५ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको छ भने आंशिक ५५ वटामा क्षति भएको छ ।

युवापुस्ता भविष्यको
आसा हुन्।
–जोश रिजल

## सम्पादकीय

# राजतन्त्र र गणतन्त्रको चर्काचर्की

लामो समयपछि सुरु भएको मधेश प्रदेश सभा बैठकमा सोमबार प्रदेश सांसदहरुले गणतन्त्रको बिरोधमा हिँड्नेहरुलाई पुराना मुद्दा उल्टाएर ठेगान लगाउनु पर्ने विषयमा बोलेका छन् । उनीहरुले गणतन्त्रको बिरोध गर्ने अधिकार जोकोहीलाई नभएको, ठूलो त्याग र योगदानले गणतन्त्र आएकाले यसका विपक्षमा हिँडेकाहरुलाई कारबाहीको डण्डा बर्साउने बेला आएको समेत बताए । उनीहरुमध्ये माओवादी सांसदहरुले भने, 'राजा वीरेन्द्रको वंशनाशमा जोडिएका व्यक्तिहरु नै यो व्यवस्था, गणतन्त्र र परिवर्तनको विपक्षमा लगातार लागिरहेकाले हिरासतमा समेत लिएर कारबाही अघि बढाउनु पर्ने समय आउनसक्ने भनेर चेतावनी दिन ढिला भएको जस्तो छ ।' मुलुकमा राजतन्त्र, हिन्दूका पक्षमा जनमत बढिरहेका बेला र व्यवस्थाविरुद्ध जताततै प्रहार भइरहँदा मधेश प्रदेश सभामा भने सांसदहरुले जोडले पूर्वराजा ज्ञानेन्द्र शाह र परिवर्तन विरोधमा बनेका अनेक समूहलाई लगाम लगाउनु पर्नेमा एकमत जस्तै भए । यद्यपि यो अवस्था आउनु, जनतामा निरासा छाउनुमा दल र दलीय व्यवस्थाका अवयवहरु कमजोर भएका विषयमा पनि छलफल भएका थिए । दलले पठाएका नेताहरु, व्यवस्थापकहरुको व्यवहार, कमजोरीका कारण व्यवस्था नै खराब र ऋणात्मक उदाहरण मात्र जनतामा देखाउने होडको विपक्षमा मधेश प्रदेश सभाले गजबसँग उभिने निर्णय गरेको छ ।यो निर्णयले मधेश परिवर्तनमा गर्व गरिरहेको छ ।

यही मधेश हो, अग्राधिकारका लागि पटकपटक लडेको छ । सुरुमा नेपाली कांग्रेसमा विद्रोह गरेर मधेशको अग्राधिकारका लागि लडेका गजेन्द्र नारायण सिंहदेखि यहाँसम्मको परिवर्तनमा अझै अपुग भनेर यतिखेर आमजनता पार्टी खोलेर प्रभु साह पनि वर्तमान राजनीतिक परिवर्तन अपूर्ण भन्दै हिँडिरहेका छन् । हिन्दू धर्ममाथि भइरहेको प्रहारमा पनि मधेश प्रदेश नै जुरुक्क उठेर धार्मिक सहिष्णुताका नाममा 'हिन्दूले मात्रै सहनु पर्ने होइन' भन्दै आन्दोलित भएको छ । यद्यपि यो परिवर्तनका कमजोरी र खराबी खोजेर हटाउँदै नयाँ विधि, प्रविधि, संयन्त्र, राजनीतिक संस्कार विकास गर्दै जानु नै हो । पुराना कुरामा फर्किएर पछाडि जाने अवस्था छैन । यसमा मधेश सबैभन्दा बढी सचेत छ । यसमा मधेश प्रदेश नै अगाढि बढेर अहिले प्रहरी अधिकारसहित अन्य प्रदेशका कानुनतः व्यवस्था भएका अधिकार दिन केन्द्र सरकारलाई अल्टिमेटम दिएको छ ।यसले मधेशलाई अरु सम्पन्न, अधिकारसहितको अग्रागामी यात्राका लागि अगुवा गर्ने प्रदेशको पहिचान बनाउने काममा लागिरहेको छ । यो पक्कै पनि मधेशको गौरवको विषय बन्नु पर्छ । मंगलबार मात्रै मधेश प्रदेशका गृहमन्त्रीसहित प्रदेशका सात गृहमन्त्री प्रहरी अधिकार तत्काल देऊ भन्दै केन्द्र सरकारका गृहमन्त्री र प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन गएको छ ।

अग्रगामी मधेशका लागि भइरहेको कार्यले जनतामा पनि वितृष्णा हटाउँदै जान जरुरी छ । अधिकारसम्पन्न भइरहँदा विकास र परिवर्तनमा जनताको स्वामित्व र सन्तुष्टि हुन सकेन भनेले यसले निम्त्याउने खतरा अरु भयंकर हुन्छ भन्ने केन्द्र सरकारदेखि कांग्रेस त्यागेर मधेशले देखाएकै छ । त्यसैले परिवर्तनको हकमा मधेश अब्बल भइरहँदा र मधेशको यो पहिचानमा आम मधेशी जनता पनि समेट्ने काम चैँ मधेश सरकार र मधेशमा क्रियाशील दलहरुको हो । नत्र भने रवि लामिछानेको रास्वपा पनि मधेशमा जनता र भोट संग्रह गर्न निकै मेहनत गरिरहँदा बेफाइदा यहीँ परिवर्तनका लागि लड्नेहरुलाई नै पुग्नेमा शंका छैन ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

# नक्कल– अक्कल बिनाको



सञ्जय साह मित्र

कसैले घोडा चढ्यो भनेर आफूले धुरी चढ्ने होइन। घोडाले गन्तव्यमा पु¥याउँछ तर धुरीमा जतिसुकै प्रयास गरे पनि कहीँ पुगिदैन। यदि कसैले घोडाको नक्कल धुरीमा गर्छ भने हामी भन्दिन्छौँ – अक्कल बिनाको नक्कल।

अहिले कुनै किसानले खेतमा धान काटेको देखेर यदि कसैलाई धान बाली मन पर्छ भनेर उसले अहिले धान बाली लगाउन खोज्यो भने के भन्ने ? यसलाई कुनै पनि दृष्टिकोणले बुद्धि पु¥याएको भन्ने ? यस्ता धेरै काम कुराहरु अहिले भइरहेका छन् समाजमा जहाँ अक्कल छैन केवल नक्कल मात्र छ।

एउटा गाउँमा एउटा समूह छ। समूह बन्न पुगेको हो बनाइएको हो। बन्न पुगेको कसरी भने केही वर्ष लगातार कामको खोजीमा अन्यत्र जाँदा संयोजले पाँच जना एक साथ निस्के। जब केही वर्ष सोही सिजनमा तिनीहरु निस्कन थाले तब धेरैलाई भयो कि यिनीहरु मिल्ने छन्। ती श्रमिक किसानको आफ्नो ठाउँमा त यसरी प¥यो नै, जहाँ श्रम गर्न जान्थे त्यहाँ पनि सोही किसिमको भाव काम गराउनेहरुको मनमा पनि भयो। एक वर्ष एक जनाले काम गराए तर पैसा दिएनन्। सोझै भने – अर्को वर्ष आऊ, ब्याजसहित दिन्छु। तिमीहरु सधैँ आउँछौ, यसकारण अर्को वर्ष पनि पक्कै आउँछौ।

जब ती मजदुरहरु घर फिरे तब एक जनाको हातमा वास्तवमा कुनै पैसा थिएन। घर फिर्ने बेलामा सबैले आफ्नो कमाइबाट यत्ति रकम तिनलाई अवश्य दिए कि सबैको कमाइ बराबर भएको लागोस्। सबैले बराबरी भाग पुग्ने गरी घरमा पैसा लिएर पुगे। अब उता जति पैसा बाँकी थियो, त्यसमा सबैको बराबरी हक लाग्ने भयो।

अर्को वर्ष तिनीहरु सबै जना फेरि कामको खोजीमा गए त्यहाँ। तिनले फेरि काम गराए। पोहोरको सबै पैसा तिरिदिए। फेरि त्यहाँको चलनअनुसार ब्याज पनि दिए। तर संयोग हो वा मिलेर नै हो अर्को एक जना साहुले पैसा दिएनन्। अर्को वर्ष आऊ म ब्याजसहित दिन्छु भने। तिनीहरुलाई पैसाको बाँडफाँड बडो सकसपूर्ण भयो। एक जनाले पैसा नै नदिएको र अर्कोले ब्याजसहित दिएको। घर आइपुग्नुभन्दा पहिले बाटोमा तिनीहरुले जुक्ति निकाले। गत वर्षको पैसामा जति ब्याज आएको छ, त्यसलाई बाँडफाँड नगरौँ। एक ठाउँमा जम्मा पारी राखौँ। सहमति भए पनि बाँकी पैसाको बाँडफाँड गरे। पाँच छ जनाको समूहमा एक जना बराबरको पैसा नआउँदा पनि सबैलाई बराबर भाग लगाउँदा अलिक कम भए पनि सन्तोष भने बराबर हुन्छ। ब्याजको रकम ती समूहमध्येकै एक जनाको बुबा जो करिब करिब साधु भइसकेका छन्, तिनलाई दिए। तिनी पनि ब्याजमा लगाइ दिए।

लगातार उताबाट चार पाँच वर्ष यसै गरी ब्याजको पैसा ल्याएर एक ठाउँमा लगानी गर्दा त्यसबाट उठेको ब्याजले नै अहिले तिनीहरुलाई एक वर्ष काम गर्न जाँदा बराबरको रकम एक जनालाई दिइरहेको छ। तिनीहरुको आफ्नो रकम हो तर तिनीहरुले आफ्नो रकम होइन भन्ने ठानेर व्यवहार गरिरहेका छन् र वर्षमा एकचोटि त्यसको ब्याजको रकमबाट अहिले आधा बाँडिरहेका छन्। एउटा सानोतिनो गर्जो चलिरहेको छ। कोरोनापछिको यो कठिन आर्थिक परिस्थितिमा पनि तिनीहरुले मूल धनलाई मासेका छैनन्। त्यसलाई बिज मानेर काम गरिरहेका छन्। तिनीहरु अलिकति पढेलेखेका भए सायद तिनीहरुमा झगडा हुन्थ्यो होला वा बढी स्वार्थ देखिन्थ्यो होला तर सरल सोझा गाउँले निरक्षर कृषि श्रमिकहरुमा छलकपट छैन। यसकारण साधुको हातमा पैसा दिएका छन् र साधुबाट कसैले लगेमा तिनलाई ब्याज दिन्छन् जसको परिचालन सबैले गर्दछन्।

सहकार्य गर्नु सहकारिताको सिद्धान्त हो। सबै जनाले मिलेर काम गर्ने र सबै जनाले प्रतिफल पनि बराबर बाँडेर खानु सहकारिताको धर्म हो। यसैले के भनिन्छ भने सहकारीमा सबैको बराबर हक हुन्छ। यहीनेर अलिकति डेढ अक्कल कसरी लाग्न पुग्दछ भने जहाँ सबैको हक बराबर हुँदा हकको खोजी गर्ने तर हकसँगै आउने कर्तव्यलाई ठ्याम्मै बिर्सिदिने। र, जहाँ कर्तव्यलाई बिर्सन्छन्, त्यहाँ आफू राम्रो र आफूबाहेक जसकसैले जे जस्तो राम्रो वा नराम्रो गरे पनि सबै दोषी। सबै काम खराब। यस्तो किन हुन्छ भने जसले काम गर्दैन उसमा त्यो क्षमता उम्रिइसकेको हुन्छ अरुको सबै काममा प्वालै प्लाल देखून्। अरुको राम्रो काममा पनि अनेक प्वाल देख्न सक्ने प्रतिभा वास्तवमा त्यस्तो आत्मरति हो जुन आफूलाई नै बढी हानि गर्दछ। यस किसिमको आत्मघाती बानी कोही कोहीमा मात्र छ भन्ने होइन। तर पनि आर्थिक क्षेत्रमा किन अपेक्षित सुधार हुन सकेको छैन। यदि व्यक्ति कमजोर भइरहेको छ भने किन व्यक्तिको समूह बलियो हुन सकेको छैन। यदि सबै वा धेरै जना बेइमान छन् भने केही इमानदारहरु यसरी संगठित वा असंगठित नै भए पनि माथिका निरक्षर कृषि मजदुरहरुको जस्तो अनौपचारिक संगठित आर्थिक अभियान स्वकल्याणकै लागि किन संचालन गर्न सकेका छैनन् ? स्वार्थिक कल्याणको अर्को पनि एउटा दृष्टान्त हेरौँ।

एक क्याम्पसमा कार्यरत साथीहरुले महिनाको पाँच सय रुपैया उठाएर जम्मा पार्न थाले । लगभग सबै शिक्षकहरु घन्टी बेसिसमा भएको अवस्थामा महिनाको कति कमाइ हुन्छ भन्ने ठेगान नभएको र हातमा परेको पैसा जति सबै खर्च हुने भएकोले बचतको यो तरिका निकाले। सुरुमा पाँच सय रुपैया ज्यादै कम जस्तो लागेको तर विस्तारै यही रकम जम्मा हुँदै ठुलो परिमाण बन्दै गएको अवस्था देखियो। पहिले पहिले यो पाँच सय रुपैया जम्मा गरेर के हुन्छ, कुनै गर्जो चल्ला ? जस्ता प्रश्न गरेर आफूलाई हतोत्साही बनाउने क्याम्पसका साथीहरु चार पाँच वर्षपछि राम्रो अभ्यास भएको र रकम पनि राम्रो हुन गएको भनी प्रशंसा गर्न थाले। अर्को कार्यथलोमा पनि यस किसिमको अभ्यास सफल अभ्यास गरे। अलिकति स्वाबलम्बी बनाउन यसले सहयोग गरेको देखिएको छ। महिनाको पाँच सय रुपैया ठुलो कुरो लाग्दैन। दशकपछि त झन् यही पाँच सय रुपैया झन् सानो रकम लाग्न थाल्छ तर पाँच सयले महिनाको तिन हजार ब्याज दिंदो रहेछ। पाँच सय जम्मा गर्नेको रकम महिनाको तिन हजार पाँच सय जम्मा हुँदो रहेछ। कारण यो छ कि प्रतिब्यक्ति रकम करिब चार लाख पुगिसकेको छ। चार लाख रुपैया आफैँमा आज पनि घन्टी बेसिसमा काम गर्ने शिक्षकको लागि ठुलो रकम हो। अरुको लागि पनि चार लाख रुपैया महत्वपूर्ण रकम हुन सक्छ। शिक्षकहरुले आफूले बचत गर्ने समूहको नाम 'कल्याण कोष' राखेका छन्। कल्याण कोषमा जुन सदस्यले महिनाको पाँच सय रुपैया बचत गर्दछन्, बचत भएको रकम चाहिँ बचतकर्ता सदस्यलाई आवश्यक परे ब्याजमा दिन सकिन्छ। यसरी बचतकर्ताले आफ्नो गर्जो हेरेर कोषबाट मज्जाले ऋण लिन्छन्। लिएको ऋणको ब्याज अनिवार्य रुपमा एक वर्षमा तिर्नैपर्छ। यसरी ब्याज पनि मूलधन बन्न पुग्दछ। आखिर पैसा कसलाई पो चाहिँदैन र ? पैसाको आवश्यकता सबैलाई हुन्छ। कोही कसैलाई ऋण लिन मन परेको हुँदैन तर अधिकांशले आफ्नो आवश्यकता ऋण र सापटी लिएर पूरा गरेका हुन्छन्। यसरी पाँच सय रुपैया जम्मा गर्दै जाँदा महिनाको तिन हजार रुपैया ब्याज आउने दिन आएको छ। ब्याज आउने कुरा महत्वपूर्ण नहोला तर एक दशकभन्दा लामो समयमा यही पाँच सय रुपैयाले हरेकको कति गर्जो टारेको होला ? कोही कसैले त एकैपटकमा लाखौँ रुपैया ऋण उठाउँछन्। कमाएर गर्न नसकेको काम यही बचतको रकमबाट मज्जाले गर्दछन्। भन्नुको तात्पर्य कमाउनु ठुलो कुरो हो तर कमाउनुभन्दा त्यसैबाट केही रकम नियमित रुपमा बचत गर्दै जानु कमाउनुभन्दा पनि बढी महत्वपूर्ण हो। स्वआर्थिक लाभका लागि नियमित बचतले निकै सकारात्मक सहयोग गर्ने रहेछ भन्ने सिकाइ पनि हो।

आजभोलि ब्याज वा सापटमा गाउँघरमा पैसा पाइएन भनेको सुन्दा कता कता पाँच सात जना गरिब कृषि श्रमिकको अचानक हुन पुगेको बचत र क्याम्पस पढाउने उच्च शिक्षित शिक्षकको नियोजित रुपमा गरिरहेको बचत दुवैको सम्झना हुन्छ। दुवै वास्तवमा सहकारी हो। हुन त सहकारीले अनेक प्रक्रिया खोज्दछ औपचारिकताको लागि। तर कुनै औपचारिक औपचारिकताबिना अर्थात् अनौपचारिक औपचारिकतामा चलेको यस्ता सहकार्यहरुले धेरै आडभरोसा दिएको छ। कम्तीमा यति रकम छ भन्ने मनोविज्ञानले सदैव उच्चता पाएको हुन्छ। जहाँ रकम अभावको प्रसंग चल्दछ त्यहाँ आफ्नो कोषमा यत्ति रकम छ र आवश्यकता पर्दा मलाई काम लाग्न सक्छ भन्ने हुन्छ। कहिलेकाहीँ त यही रकमको भरमा ठुलो काम गर्ने आँट पनि आउँछ। यस प्रकारको अभ्यास हुनुपर्छ पनि।

यदि आयमूलक काममा समय र श्रम लगानी नगर्ने हो र बढीभन्दा बढी समय गफ चुट्न तथा अर्काको आलोचना गर्नमा बिताउने हो भने स्वार्थिक (स्व आर्थिक) विकास कदापि सम्भव छैन। आजको जमानामा कसैले अरुको धेरै आलोचना गरेर आफू ठुलो मानिस बन्ने सम्भावना छैन। सायद गफ चुटेर कतै पेट पालिँदैन। घरका सदस्यहरुको मुखमा माड लाग्दैन। आफ्नो व्यापार गफले चल्न दिँदैन। अरुले जे गरेको छ, त्यो सबै नराम्रो तर आफूले गफले नै आफूलाई राम्रो साबित गर्ने हो भने कसैले पत्याउँदैन। अरुलाई नराम्रो मात्र देख्नेले यति त अवश्य बुझ्नु पर्छ कि आफूले गरेको कामलाई अरुले राम्रो भनोस्। आफ्नो व्यवहार यस्तो अवश्य बनोस् कि अरुका लागि उदाहरण बनोस् वा अरुले त्यसलाई नमुना मानेर काम गरोस्। हैनभने सिन्को नभाँच्ने, घर परिवारको लागि बोझ बन्ने, पिता पुर्खाको आर्जनमा मोज गर्ने तर जसले दुखजिलो गरेर केही गरेको छ भने तिनको खोइरो खनेर आफूलाई महान बनाउने हो भने अबको समयमा कुनै काम छैन। हो, आर्थिक रुपमा यदि केही गर्न सकिन्छ भने देशको वा आफ्नो गाउँ समाजको विकासमा केही योगदान दिऔँ। यसले गर्दा यत्तिसम्म आत्म विश्वास हुन्छ कि मैले यत्ति गरेको हुँ र यसमा मेरो वा नितान्त आफ्नो परिवारको योगदान रहेको छ। यत्ति गर्न नसक्नेले अक्कल बिनाको नक्कल गरेर अरुको आलोचना गरिरहँदा आफ्नो लागि सोही आलोचना गाली भइरहेको हुन्छ भन्ने कुरो पत्तो पाउँदैन।

विभिन्न तहको सरकार छ। आर्थिक क्षेत्रमा धेरै संघसंस्था तथा वित्तीय संस्थाहरु पनि कार्यरत छन्। अधिकांश पालिकामा सहकारी र बचत समूह छन् तर अनि आर्थिक परिचालन सन्तोषप्रद हुन सकेको छैन। केही संस्थाहरुले तालिम दिने, समूह बनाउने र सहकारी बनाइदिने नगरेका होइनन्। यस्तै संस्थाका प्रमुख वा संस्थाले नै बनाइदिएको कर्मचारीले बचत कति छ वा कस्तो अवस्थामा छ भन्ने जानकारी दिँदैनन्। मोटो रकम भएपछि संस्था टुट्यो भन्न थाल्छन्। बचतकर्ताको रकम नै फिर्ता हुँदैन। माथिको उदाहरणमा आएका कृषि श्रमिक जो निरक्षर छन् तिनलाई कहाँ फुर्सद छ र कतै गएर खोजी गरोस्। एक दुई पटकमा त्यस्ताको कुरो कस्ले सुन्दछ र ? यस किसिमको परिवेशमा सजिलो प्रयोगात्मक विकल्प यही हुन सक्छ कि गाउँमा सबैका केही पुराना मित्रहरु हुन्छन्। ती मित्रहरुबीच आर्थिक कारोबार भइरहेको हुन्छ । सोही मित्रहरुको विश्वसनीय समूह बनाएर अनौपचारिक रुपमा संगठित गरी आर्थिक विश्वासको समूह निर्माण गर्नुपर्छ जसमा कुनै पनि संघसंस्थाको हस्तक्षेप नहोस्।

एउटा प्रश्न मनमा उब्जिनु पर्छ हरेक मानिसको – किन मेरो आर्थिक अवस्था कमजोर भयो ? सबै कुरामा राज्यलाई दोष दिएर हुँदैन। यो त फेरि उही उम्किने बाटो भयो। दोषजति अरुलाई र राम्रो जति आफूले गरेको भन्ने मनोविज्ञान। वा, आफूले केही पनि नगर्ने तर अरुले गरेको सबै कुरा नराम्रो। अनि आफ्नो आर्थिक अवस्था कमजोर हुनुमा अरुको भूमिका देख्नेले आफ्नो भूमिका कत्ति होला वा अब मैले कति धेरै सुधारको काम गर्नुपर्छ भन्नेतिर पनि ध्यान पु¥याउनै पर्छ। कसैले हातमा दही जमाएर बस्ने कुरो कत्तिको जायज छ ? भन्नुको तात्पर्य केही नगरीकनै बस्ने वा अनावश्यक खर्च बढी गर्ने र आर्थिक अवस्था कमजोर भयो भन्ने मनोविज्ञानलाई बढावा दिनु हुँदैन। अहिलेको समयमा अक्कल बिनाको नक्कलले अरुलाई होइन आफूलाई नै कमजोर बनाइरहेको छ। हामी धेरै मानिसको आर्थिक स्वास्थ्य यसै कारण बिग्रिरहेको छ कि हामीले खर्च गर्ने वेलामा अरुको नक्कल ग¥यौँ तर आम्दानीको बेलामा भने पछाडि प¥यौँ। व्यक्तिको आर्थिक अवस्था मात्र होइन, अन्य क्षेत्रमा पनि यसको प्रभाव करिब करिब उस्तै देखिएको छ – अक्कल बिनाको नक्कल।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभ्भ्फा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ। नराम्रो काम तिर भने मन जाने देखिन्न।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ। मन डराउने छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ। काम गर्दा विचार पुराउनु होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ। शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाधा आउनेछ। केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्येस्तो नराम्रो देखिन्न।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
शरीरमा केहि त्येस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला।

# दुर्व्यसनीविरुद्ध सचेतना फैलाउँदै कलाकार




**चितवन ।**
नारायणी किनारमा यतिबेला महोत्सवको रौनक छ । दिनहुँ कलाकारले स्टेज तताइरहेका छन् । यसपटकको माहोल अलि फरक छ ।
कलाकारहरुले कलासँगै दुर्व्यसनीविरुद्ध सचेतना पनि फैल्याइरहेका छन् । मङ्सिर ६ गतेबाट सुरु गरिएको 'चितवन नारायणी महोत्सव' मा दिनहुँ राष्ट्रिय र स्थानीय कलाकारले कला प्रदर्शन गरिरहेका छन् । उनीहरुले आफ्नो कलासँगै दर्शकलाई दुव्र्यसनमा नफस्न र परिवारमा कोही त्यसतर्फ लागेको भए समयमा नै उपचार गर्न सुझाइरहेका छन् ।
महोत्सवमा शिव परियार, पशुपति शर्मा, आस्था राउत, शान्तिश्री परियार, ज्योति मगर, रमेश प्रसाइँलगायत कलाकारले लागुऔषध दुव्र्यसनविरुद्ध सचेतना जगाउने काम गरिरहेका छन् । मङ्सिर १६ गतेसम्म सञ्चालन हुने महोत्सव सकिँदै गर्दा ६० जनाभन्दा बढी कलाकारले विभिन्न माध्यमबाट लागुऔषधविरुद्धको सन्देश प्रवाह गरिरहेका छन् ।
महोत्सवको मुख्य आयोजक दुव्र्यनीको उपचार गर्दै आएको रिकभरिङ युनाइटेट प्रालि र आयोजक औद्योगिक शान्ति नेपाल हो । महोत्सवको मुख्य उद्देश्य लागुऔषध दुव्र्यसनी न्यूनीकरण गर्दै महोत्सवबाट बचेको पैसाले विपन्न परिवारका दुव्र्यसनको निःशुल्क उपचार गर्नु रहेको बताइएको छ । मुख्य आयोजक संस्था रिकभरिङ युनाइटेटका संस्थापक अध्यक्ष मनोज घिमिरे लागुऔषध दुव्र्यसन उपचारमा आउन चाहेर पनि पैसाको अभावमा नसकेको बताउँछन् ।
उनले भने, 'हामीले यस कार्यक्रममार्फत् लागुऔषधको लतमा नलाग्न जनचेतना जगाइरहेका छौं ।'
महोत्सवबाट बचेको रकमले कम्तीमा ३५ जना विपन्न परिवारका दुर्व्यसनीको निःशुल्क उपचार गर्ने उद्देश्य रहेको उनको भनाइ छ । उनले भने,

**'महोत्सवमा रहेको स्टलमा दुर्व्यसनमा फसेका र तिनका परिवारका सदस्यसमेत आएका छन् । उनीहरुले कसरी यसबाट छुटकारा पाउने भन्नेमा बारेमा जानकारी लिएका छन् ।'**

विज्ञ र पुनःस्थापितले स्टलबाट परामर्श दिइरहेका छन् ।
आयोजक संस्था औद्योगिक शान्ति नेपालका अध्यक्ष सन्दीप महत आफूले देशभर दुई सयभन्दा बढी महोत्सव गरेको भए पनि यस प्रकारको पहिलो महोत्सव गर्न पाएको बताए । उनले भने, 'मैले यो महोत्सवको महत्वलाई बुझेर यही समयमा मकवानपुरमा अर्को मेलाको मिति पछाडि सारेर यहाँ आएको हुँ ।'
महोत्सवमा आउने अतिथि वक्तादेखि कलाकारसम्म सबैले सचेतना फैल्याउने काम गरिरहेको भन्दै उनले कुलतविरुद्ध महोत्सव महत्वपूर्ण रहेको बताए ।
महोत्सव मूलआयोजक समितिका संयोजक पिङ्गलराज पन्त दैनिक पाँच हजारभन्दा बढी दर्शक आइरहेको भन्दै यो महोत्सवमार्फत् चितवनसहित देशैभरी प्रत्यक्ष र सञ्चारमाध्यममार्फत् जनचेतना जगाउने काम भएको बताए । पन्तले भने, 'कलाकारहरुले पनि सामाजिक सञ्जालमार्फत् पनि प्रत्यक्ष प्रसारण गरिरहेका छन् । यसबाट देश विदेशमासमेत लागुऔषधविरुद्ध सचेतना फैल्याउने काम भएको छ ।'
महोत्सवमा एक सय ९६ वटा स्टल छन् । महोत्सवमा ६० लाख रुपैयाँ हाराहारी खर्च हुने आयोजकको अनुमान छ । प्रायोजक नराखी महोत्सव गरिएको भन्दै उनले स्टल भाडा र टिकटबाट उठेको रकमले महोत्सव सञ्चालन गरिएको बताए । उनले थपे, 'सबैको साथ र सहयोगका कारण यो जनचेतनामूलक महोत्सव सोचेभन्दा राम्रो सफलता मिलिरहेको छ ।' रिकभरिङ युनाइटेडका अध्यक्ष रवीनकुमार श्रेष्ठ जिल्लामा १२ हजार हाराहारी सक्रिय लागुऔषध प्रयोगकर्ता रहेको बताउँछन् । उनीहरुको उपचारका लागि जिल्लामा २१ वटा पुनःस्थापना केन्द्र निजी क्षेत्रबाट सञ्चालित छन् ।
भरतपुर महानगरपालिकाभित्र मात्रै यो सङ्ख्या १५ छ ।
उपचारपछि निको भएर सामान्य जीवनमा फर्कने जनप्रतिनिधि, ठूला व्यापारी, चिकित्सक, इञ्जिनियर, बैंक प्रबन्धक, शिक्षक जस्ता प्रतिष्ठित व्यक्तिसमेत रहेको उनले जानकारी दिए ।
आफूलाई अरु भन्दा फरक देखाउन सुरुवाती चरणमा लहैलहैमा यो लतमा फस्ने गरेको उनको भनाइ छ ।
आर्थिक सम्पन्न भएर परिवारबाट टढा रहेका, जीवन कुनै लक्ष्य प्राप्त गर्न नसकेका, निराशावादी सोच, असल अभिभावकको कमी जस्ता कारणले कुलतमा फस्ने गरेको श्रेष्ठ बताउँछन् ।
भरतपुर भ्रमण वर्ष २०२४ को पूर्वसन्ध्यामा आयोजित महोत्सवले यहाँको पर्यटन व्यवसायमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# तीस वर्षदेखि पाक्दैछ बायोग्यासमा खाना



**रासस**
**पोखरा ।**
बजारमा सहजै एलपी ग्यास पाउन सकिने र विद्युत्को पहुँच पनि भएकाले पोखरा महानगरपालिकाका अधिकांश घरमा खाना एलपी ग्यास वा बिजुलीमै पाक्ने गर्दछ । यसले मध्यम परिवारको खाना पकाउन प्रयोग हुने ऊर्जाका लागि मासिक दुईदेखि तीन हजार रुपैयाँसम्म खर्च हुने गर्दछ । तर यहाँका थोरै घरका बासिन्दाले अहिले पनि ३० वर्षदेखि निरन्तर बायोग्यासमै खाना पकाउने गर्दछन् र त्यसका लागि हुने खर्च बचत गरिरहेका छन् । यस्तै, परिवारमा पर्दछ, पोखरा महानगरपालिका–१० महतगौँडा सरस्वती भण्डारीको परिवार । उनको घरमा २०५१ सालमा आठ घनमिटरको बायोग्यास प्लान्ट जडान भएको हो । पहिलेको घरधनी पुष्पराज शर्माले प्लान्ट जडान गराएका थिए । उनले नै १४ वर्ष निरन्तर चलाएका थिए । पुष्पराजसँग घर किनेपछि सरस्वतीको परिवारले पनि त्यस प्लान्टलाई निरन्तर प्रयोगमा ल्याउँदै आएको छ । २०६५ सालमा घर किनेपछि प्लान्टमा पनि सामान्य मर्मत, रङ्गरोगन गरेपछि राम्रोसँग सञ्चालन हुँदै आएको उनी बताउँछन् । उतिबेला खाना पकाउनका लागि नजिकको जङ्गलमा दाउरा लिन जानुपर्ने, भान्छामा घण्टौंसम्म धुवाँमा बसेर खाना पकाउनुपर्ने र कालो भाँडाकुँडा मस्काउँदाका पीडा उनले बिर्सिएका छैनन् । घरमा पहिले नै बायोग्यास प्लान्ट सञ्चालन भएको देखेपछि उनले आफ्ना विगतका दुःख सम्झँदै घर किन्न आफूले श्रीमान् लोकराज भण्डारीलाई सल्लाह दिएको बताउँछन् । उनी बिहान एक घण्टा र साँझ एक घण्टा खाना पकाउन र दिउँसोको समयमा पनि चिया पकाउन बायोग्यास नै प्रयोग गर्छन् । उनको घरमा एलपी ग्यास नभएको पनि होइन । 'सकभर म बायोग्यास नै बाल्छु, कुनै कुनै दिन नपुगेमा भने एलपी ग्यास बाल्ने गरेको छु । एक सिलिन्डर ग्यासले चार महिना सजिलै पुग्ने गर्दछ', उनी भन्छन्, 'छिमेकीको घरमा एक सिलिन्डरले एक महिना पुऱ्याउन धौधौ हुने गरेको भन्छन् । यस हिसाबले त मलाई बायोग्यासबाट महिनामै एक हजार पाँच सय त बचत भएको छ । बायोग्यास निःशुल्क पाउने हुँदा एलपी ग्यास बाल्दा पैसा सकिएजस्तो लाग्छ ।' चिसो मौसममा भने केही कम बायोग्यास प्लान्टबाट ग्यास आउने गरेको उनको अनुभव छ । घरमा पालेको एउटा भैंसीको गोबर, शौचालय, भाडामा सञ्चालन गर्न दिएको चियापसल र भान्छाको जैविक फोहर डाइजेस्टरमा कुहिएर निस्कने ग्यास नै उनको भान्छामा खाना पकाउने ऊर्जाको मुख्य स्रोत बनेको छ । खेती किसानमै निर्भर उनको परिवारलाई बायोग्यासले करिब करिब धान्ने गरेको उनी भन्छन् । भैँसीलाई कुँडो पकाउन भने उनले दाउराकै प्रयोग गर्छन् । छ जनाको उनको परिवारको मुख्य आयस्रोत भनेको खेतीपाती नै हो । बायोग्यास प्लान्टबाट निस्केको स्लरीलाई घरनजिकैको बारीमा लगाउँदा तरकारी खेती राम्रो भएको उनी बताउँछन् । घरबारीमा बायोग्यासको स्लरी राख्न थालेपछि आफ्नो बारीको तरकारीले पुगेपछि बजारबाट किनेर ल्याउनुपर्ने समस्या पनि परेको छैन । आफ्नै बारीको अग्र्यानिक तरकारी खान पाएका छौँ, यसले पैसाको बचतसँगै विषादी राखेको तरकारी खानुपर्ने बाध्यता पनि नरहेको बुहारी अस्मिता आचार्य बताउँछिन् ।
उनी भन्छिन्, 'भान्छामा काम गर्न पनि सजिलो हुँदा घरमा ससुरा, श्रीमान्ले पनि खाना पकाउन सहयोग गर्नुहुन्छ । भान्छाको काम महिलाले नै गर्नुपर्छ भन्ने सोच हाम्रो घरमा छैन, जसलाई फुर्सद हुन्छ उसैले गरिन्छ ।' पोखरा महानगरपालिका–१३ विपीमार्ग कुँडारका रुद्रमान श्रेष्ठको परिवारलाई पनि बजारमा एलपी ग्यासको अभाव हुँदा पनि कुनै चिन्ता हुँदैन । २९ वर्षअघि २०५१ सालमा जडान गरेको आठ घनमिटरको बायोग्यास प्लान्टले उनको भान्छामा बिहान एक घण्टा, बेलुका एक घण्टा सजिलैसँग खाना पकाउन पुग्ने गरेको छ । झन्डै १० वर्षअघि केही समय बिग्रेर ग्यास उत्पादन नभएपछि केही मर्मत गरी चलाउँदा अहिले निरन्तर ग्यास आइरहेको उनी बताउँछन् । छिमेकका कतिपय घरमा सुरुमा बायोग्यास जडान गरे पनि पछि एलपी ग्यास र बिजुलीको प्रयोग हुन थालेपछि प्लान्टलाई हटाएका थिए । समयसमयमा एलपी ग्यास नपाइने, महँगो हुने र बिजुलीमा खाना पकाउँदा पनि झ्याप्पझ्याप्प बत्ती जाँदा खाना बिग्रने हुँदा अहिले बायोग्यास प्लान्ट हटाएकामा पछुतो मान्ने गरेको उनको भनाइ छ । झन्डै ३० वर्ष शिक्षण पेसा गरी निवृत्त भएका रुद्रमानको परिवारमा पाँचजना छन् । उनले १५ वर्षदेखि नै वस्तुभाउ पाल्न छाडिसकेका छन् । उनले दुई परिवारलाई चार कोठा भाडामा पनि दिएका छन् । तीन परिवारले प्रयोग गर्ने शौचालय र भान्छाको जैविक फोहरबाट निस्कने ग्यासले नै उनलाई करिब पुग्ने गरेको छ । चिसोको समयमा र घरमा धेरै जना पाहुना आउँदा बायोग्यासले नपुगेको अवस्थामा मात्रै आफूले एलपी ग्यासको चुलो प्रयोग गर्ने गरेको उनकी श्रीमती सरला बताउँछिन् । गोबरग्यास तथा कृषियन्त्र प्रालिमा मेसिनका रुपमा आफूले ३० वर्षअघि जडान गरेका प्लान्टहरु राम्ररी चलेको देख्दा अर्जुन गुरुङलाई निकै सन्तुष्टि मिल्छ । नियमित सञ्चालन र समयसमयमा मर्मतसम्भार गर्न सकेमा तिसौँ वर्षसम्म पनि बायोग्यास प्लान्ट चलेका यस्ता थुप्रै उदाहरण रहेको उनको भनाइ छ । त्यतिबेला गाउँमा विद्युत्को पहुँच नहुँदा र सौर्य घरेलु प्रणालीको प्रयोग नभएका बेला बायोग्यासबाट खाना पकाउने र बत्ती बाल्नका लागि उपभोक्ताको माग पूरा गर्न धौधौ हुन्थ्यो । अहिले ग्रामीण बस्तीमा समेत सडक र विद्युत् लाइन विस्तार भएसँगै एलपी ग्यास र बिजुलीमा खाना पकाउने सुविधा भएपछि बायोग्यासको प्रयोग कम भएको छ । घट्दो गाईवस्तु पाल्ने क्रम र बढ्दो बसाइँसराइले पनि भएका बायोग्यास प्लान्ट प्रयोगमा नआएर मिल्किएको देख्दा भने उनी निकै चिन्तित हुन्छन् ।

*उनी भन्छन्, 'घरकै जैविक फोहरबाट उत्पादन गर्न सकिने बायोग्यासलाई छाडेर आयातित एलपी ग्यासको प्रयोगले आर्थिक नोक्सानी मात्रै भएको छैन, कृषि तथा पशुपालन घट्न गई खाद्यान्न तथा अन्य वस्तुको आयात बढ्न जाँदा देशको आर्थिक अवस्था नै धराशयी बन्दै गएको छ ।'*

बायोग्यास प्रविधिको विकासका क्षेत्रमा नेपालले आधा शतकभन्दा बढी समय व्यतित गरिसकेको छ । बायोग्यास प्रविधिको प्रवद्र्धन २०३० सालदेखि नेपाल सरकारले सुरु गरे पनि व्यवस्थित रुपमा बायोग्यास सहयोग कार्यक्रम नेदरल्यान्ड सरकारको सहयोगमा निदरल्यान्डस् विकास नियोग (एसएनभी नेपाल) ले २०४९ सालदेखि सुरु गरेको हो । विएसपी नेपाल सञ्चालन हुनु अघिसम्म नेपालमा जम्मा ११ हजार बायोग्यास प्लान्ट निर्माण भएका थिए । एसएनभीमार्फत नेदरल्यान्डस् सरकारले बायोग्यास सहयोग कार्यक्रमको थालनी गरेसँगै व्यवस्थित रुपले मुलुकभर बायोग्यास प्रणालीको विकास र विस्तार हुन थालेको विएसपी नेपालको कार्यकारी निर्देशक प्रकाश लामिछाने बताउँछन् । हालसम्म जडान भएका करीब पाँच लाख बायोग्यास प्लान्टमध्ये एसएनभीको सहयोग अवधि (सन् १९९१–२०१०) मा दुई लाख ३१ हजार प्लान्ट निर्माण भएका थिए । उनका अनुसार पोखरामा उतिबेला जडान भएका प्लान्टहरु पनि एसएनभीको सहयोगमा बनेका थिए । एसएनभीको बायोग्यास बजार विकासको अन्तर्राष्ट्रिय प्राविधिक सल्लाहकार सरोज राईले दाताहरुको आर्थिक सहयोग भएमा मझौला र ठूला बायोग्यास प्रविधिमा थप सहयोग जरुरत भएको अवस्थामा एलएनभी पुनः सहयोग गर्न तयार रहेको जानकारी दिए । उनका अनुसार डिसेम्बर २०२२ सम्म एसएनभीले विश्वका २७ वटा देशमा त्यहाँका सरकार, साझेदार संस्थाहरु र निजी क्षेत्रसँग मिलेर १० लाखभन्दा बढी बायोग्यास जडान गरिसकेको छ । वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल राष्ट्रिय निर्धारित योगदानमा घरायसी र ठूला प्रविधिका बायोग्यास प्रविधिको प्रवद्र्धनमा जोड दिएको उल्लेख गर्दै अझै केही वर्षसम्म सबै घरमा एकैचोटि विद्युत्मा खाना पकाउने अवस्था सुनिश्चित गर्न नसकिने भएकाले बायोग्यास र सुधारिएको चुलोजस्ता प्रविधिमा जानुको विकल्प नरहेको स्पष्ट पारे । नेपाल बायोग्यास प्रवद्र्धन समूहका अध्यक्ष प्रकाशचन्द्र सुवेदी नेपालमा अझै पाँच लाख घरायसी बायोग्यास प्लान्ट जडान गर्न सकिने सम्भावना रहेकाले राज्यले किसानलाई सहुलियत र प्रचारप्रसार गर्नुपर्नेमा जोड दिन्छन् । नेपालमा बायोग्यासबाट कार्बन व्यापार सुरु भएको उल्लेख गर्दै उनी बायोग्यास हरित ऊर्जाको स्रोत भएकाले जलवायु परिवर्तनको समस्या न्यूनीकरण र दिगो विकास लक्ष्य हासिल गर्नमा पनि यस प्रविधिको विकास र विस्तार गर्नुपर्ने खाँचो औँल्याउँछन् ।

# बैकुण्ठ तालमा पौडी खेल्न रोक



भरतपुर ।
चितवनको माडीस्थित पर्यटकीय गन्तव्य बैकुण्ठ तालमा पौडी खेल्न रोक लगाइएको छ । यहाँ पौडी खेल्दा प्रत्येक वर्ष मानिसको डुबेर मृत्यु हुन थालेपछि बैकुण्ठ ताल व्यवस्थापन समितिले पौडी खेल्न रोक लगाएको हो । समितिले ताल क्षेत्रमा बोर्ड राख्दै पौडी नखेल्न भनेको ताल व्यवस्थापन समितिका अध्यक्ष राजकुमार परियारले बताए । माडी नगरपालिका–८ स्थित बैकुण्ठ सामुदायिक वनभित्रको बैकुण्ठेश्वर ताल घुमफिर गर्न दैनिक दर्जनौँ पर्यटक जाने गरेका छन् । धार्मिक महत्व बोकेको ताल भए पनि यहाँको मनोरम दृश्यकै कारण धेरै पर्यटक भित्रिने गरेका छन् । सुरक्षालगायतका अन्य तयारी भएपछि मात्र पौडी खेल्न दिइने परियारले जानकारी दिए । खरकट्टास्थित बैकुण्ठ चोकबाट करिब साढे तीन किमी दक्षिण लागेपछि बैकुण्ठ मेलास्थल आइपुग्छ । मेलास्थलबाट करिब २० मिनेटको पैदलयात्रापछि ताल पुग्न सकिन्छ । घाँघर खोलाको शिरमा रहेको यो तालमा दुई छहरा छन् । चारैतिरको हरियालीले तालको दृश्यलाई नै लोभलाग्दो बनाएको छ । 'केही वर्षयता ताल अवलोकन गर्न आउने क्रम बढेको छ', माडी–८ का वडाध्यक्ष वीरेन्द्रबहादुर भण्डारी भने, 'अहिले समूहमा वनभोजमा रमाउन आउने धेरै छन् ।' गर्मीयाममा अझै धेरै पर्यटक आउने गरेका छन् । प्रत्येक वर्ष पौडी खेल्दा मानिसको मृत्यु भएपछि पौडी नखेल्न अनुरोध गरिएको भण्डारीले बताए । यहाँ बालाचतुर्थीको अवसरमा मेला लाग्छ । यस वर्ष पनि मेलाको तयारी तीव्र पारिको छ । मेला लाग्ने चौरमा वनभोज खान मिल्ने व्यवस्था छ ।
करिब २०३५ सालतिर घाँस–दाउँरा काट्न जाने क्रममा फेला परेको यो ताल ३२ मिटर गहिराइको छ । 'ताल जोगाउन ड्यामको खाँचो छ, छहरा पनि व्यवस्थित गर्नुछ', उनले भने, 'कृत्रिम ताल यो होइन, अब संरक्षण गर्दा पनि कृत्रिमता झल्काइने छैन ।' उनले तालको दक्षिणतर्फ पर्यटक लोभ्याउने केही गन्तव्यहरू भेटिए पनि प्रचार–प्रसार गर्न नसकिएको बताए । चौरमा संरचना बनाउनका लागि यस वर्ष बजेट विनियोजन गरिएको जनाउँदै उनले पर्यटक आकर्षण गर्ने खालका संरचना बनाइने जानकारी दिए ।

# साना उद्योगलाई प्राथमिकता दिन जरुरी

**रासस**
**काठमाडौँ ।**
आत्मनिर्भर अर्थतन्त्र निर्माण र व्यापार घाटा न्यूनीकरण गर्न सघाउने लघु, घरेलु तथा साना उद्योगलाई कृषि क्षेत्र जस्तै प्राथमिकता प्राप्त क्षेत्रका रुपमा घोषणा गर्नुपर्ने माग गरिएको छ । नेपाल घरेलु तथा साना उद्योग महासङ्घले बागमती प्रदेश सरकारको औद्योगिक व्यवसाय ऐनलाई समय सापेक्ष परिमार्जनका लागि सुझाव दिन राजधानीमा आयोजना गरेको नीतिगत संवाद कार्यक्रममा सरोकारवालाले आत्मनिर्भर अर्थतन्त्र निर्माण र व्यापार घाटा न्यूनीकरणका गर्न सघाउने लघु घरेलु तथा साना उद्योगलाई पनि कृषि क्षेत्र जस्तै प्राथमिकता प्राप्त क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने बताए । महासङ्घ अध्यक्ष उमेशप्रसाद सिंहले औद्योगिक व्यवसाय ऐनमार्फत लघु घरेलु तथा साना उद्योगको प्रवद्र्धन गन सकेमात्र समृद्ध अर्थतन्त्रको निर्माणमा सहयोग पुग्ने जोड दिए । आर्थिक समृद्धि र विकासका लागि आयात प्रतिस्थापन, निर्यात प्रवद्र्धन, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धिका लागि ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनुपर्ने उनको भनाइ थियो । सार्वजनिक निकायमा सम्भव भएसम्म स्वदेशी वस्तुको प्रयोगलाई अनिवार्य गर्न नसकिएको भन्दै उनले व्यवसायिक रुपमा निजी क्षेत्रबाट सञ्चालन हुने 'भर्चुअल मार्केट प्लेस'को विकासमा सहयोग गर्न आग्रह गरे ।

महासङ्घका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले उद्योग नवीकरण फेल हुँदा तीन सय प्रतिशत जरिवाना लिने परिपाटी अन्त्य हुनुपर्ने भन्दै सङ्घ, प्रदेश र पालिकाको ऐन नियम र कार्यविधि एक अर्काको पूरक बन्नुपर्नेमा जोड दिए । देशमा विभिन्न खाले सङ्कट पैदा भएको र निजी क्षेत्र पनि यो सङ्कटबाट प्रभावित भएको भन्दै वर्तमानमा देखिएको कर्जा सङ्कट, सहज निकासको सङ्कट, प्रदेशको औचित्यमाथि प्रश्न उठिरहेकाले औचित्य सावित गर्न चुनौती थपिएको बताए । बागमति प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिँह लामाले लघु घरेलु तथा साना उद्योगहरुलाई प्रवद्र्धन र विकास गरेर ठूला उद्योगमा रुपान्तरण गर्नुपर्ने बताए । पछिल्लो समय उत्पादनभन्दा आयातमा केन्द्रित हुँदा साना उद्योग फष्टाउन नसकेको उनले बताए । साना उद्योगलाई सरकारले सुरक्षा दिनुपर्नेभन्दै उनले अन्तर्राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनी केन्द्र बनाउन मन्त्रालय सकारात्मक रहेको बताए ।

बागमति प्रदेशकै उद्योगमन्त्री रामकृष्ण चित्रकारले सङ्घीयता कार्यान्वयन गर्न बनाइएका ऐन परिमार्जन हुनुपर्नेमा जोड दिए । प्रादेशिक औद्योगिक नीति हालसम्म बन्न नसकेपनि अब बन्ने प्रक्रिया प्रारम्भ भएको उनले बताए । त्यस अवसरमा पूर्वअर्थसचिव शिशिर ढुङ्गाना र पूर्वउद्योग सचिव यामकुमारी खतिवडाले बागमती प्रदेश सरकारको औद्योगिक व्यवसाय ऐनमा थप गर्नुपर्ने र संशोधन गर्नुपर्ने विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । महासङ्घ र युएस एआइडी ट्रेड एण्ड कम्पिटिटिभनेससँगको संयुक्त रुपमा आयोजना सञ्चालित कार्यक्रममा बागमति प्रदेश सरकारका पर्यटन मन्त्री पुकार महर्जन, वन मन्त्री मसिना खड्का, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवद्वय गोविन्द बहादुर कार्की र जिवलाल भुसाल, उद्योग विभागका महानिर्देशक बाबुराम गौतम, बागमति प्रदेश उद्योग मन्त्रालयका सचिव गोविन्द रिसाल, बागमति प्रदेश उद्योग मन्त्रालय महाशाखा प्रमुख झमनाथ कँडेल, बागमति प्रदेश उद्योग तथा वाणिज्य निर्देशनालयका निर्देशक गोविन्द सिग्देल, महासंघका वरिष्ठ उपाध्यक्ष सुर्य कँडेल लगायतले आफ्ना धारणा राखे ।

# 'विदेशी हेर्छन्, स्वदेशीले किन्छन्'



**काठमाडौँ ।**
'विदेशी पर्यटक आउँछन् सामान भने स्वदेशी पर्यटकले किन्छन्', वसन्तपुर दरबार क्षेत्रमा विगत ४० वर्षदेखि हस्तकलाको व्यावसाय गर्दै आएका रामकृष्ण सिटौलाले भने, 'अहिले व्यापारको सिजनमा पनि व्यापार सुस्त छ, मुस्किलले बोनी हुन्छ ।' मुख्य पर्यटकीय सिजनमा वसन्तपुर क्षेत्रमा विदेशी पर्यटकको चहलपहल बाक्लो भए पनि हस्तकलाका सामग्रीको व्यापार भने सन्तोषजनक छैन । पहिले अधिकांश विदेशी पर्यटकले वसन्तपुर क्षेत्रबाट हस्तकलाका सामान चिनोका रुपमा लिने गरेको भए पनि पछिल्लो समय यस्ता सामग्री बिक्री खासै नभएको उनको भनाइ छ । उनका अनुसार केही समयपछि उनका अधिकांश ग्राहक स्वदेशी पर्यटक हुने गरेका छन् । कोभिड–१९ महामारीपछि मुलुकको पर्यटन करिब पुरानै लयमा फर्कँदैछ । विदेशी पर्यटकको सङ्ख्या पनि बढेको छ । नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२३ को १० महिनामा आठ लाख नौ हजार ६ सय ७८ पर्यटक नेपाल भित्रिएका छन् । अक्टोबरमा मात्रै हवाईमार्ग भएर एक लाख १७ हजार तीन सय ६ पर्यटकले नेपाल भ्रमण गरेका छन् । राजधानीको प्रमुख पर्यटकीय क्षेत्र ठमेल मात्रै नभइ चर्चित पर्यटकीय गन्तव्य पोखरा, चितवन, लुम्बिनी, अन्नपूर्ण क्षेत्र, खुम्बु क्षेत्र तथा चर्चित तीर्थस्थलहरुमा विदेशी पर्यटकको बाक्लो चहलपहल देखिन्छ । उपत्यकाका वसन्तपुर, ठमेल, पाटन दरबार क्षेत्र, भक्तपुरदरबार क्षेत्र स्वयम्भू, पशुपतिनाथलगायत तीर्थस्थलमा पनि बाक्लै सङ्ख्यामा पर्यटक पुगेका छन् । पर्यटकको पहिलो रोजाइमा पर्ने नेपाली उत्पादन अर्थात् हस्तकलाका सामग्रीको व्यापार भने सोचेजस्तो नभएको व्यवसायीको भनाइ छ । हस्तकलाका सामान खरिद बिक्रीको लागि अहिले उपयुक्त समय पनि हो । असोज, कात्तिक र मङ्सिर महिनामा बढी विदेशी आउने भएकाले उनीहरुले सामान खरिद गरेर लैजाने गरेको व्यवसायीको भनाइ छ । वसन्तपुरमा दैनिक १५ देखि २० हजार रुपैयाँ व्यापार गर्ने सिटौला अहिले मुस्किलले एउटा सामान बिक्री हुने गरेको बताए । 'कोभिडपछि अझै बजार लिइसकेको छैन । पर्यटकीय सिजनमै व्यापार सन्तोषजनक छैन । पहिले विदेशीको रोजाइ हुन्थ्यो अहिले नेपालीले बढी किन्ने गरेका छन्', व्यवसायी सिटौलाले भने । सिटौलाले वसन्तपुर दरबार परिसरको फुटपाथमा हस्तकलाका सामानको व्यापार गर्दै आएका छन् । धेरै सङ्ख्याका व्यापारीले यस्तो व्यवसाय सञ्चालन गरिरहेका छन् । वसन्तपुर क्षेत्रमा बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म हस्तकलाको व्यापार हुन्छ । दैनिक मानिसको भिडभाड भइरहन्छ । विदेशी पर्यटकले विशेषगरी नेपालमा उत्पादित परम्परागत हस्तकलाका सामान लैजान्छन् । बुद्धको मूर्ति, खट, खुकुरी मालालगायत सामग्री खरिद गर्नेगरेको व्यवसायीले बताए । व्यापार सुस्त रहेको र नयाँ पुस्ताले चासो नदिएकाले पुख्र्यौली पेसाको अस्तित्वनै समाप्त हुने होकी भन्ने व्यवसायी सिटौलाको चिन्ता छ । उनले भने, 'छोरा नातिले यो व्यवसायप्रति चासो दिँदैनन् । विदेशतिर लागिसके अब, यो पेसा नै लोप हुने होकी भन्ने चिन्ता छ ।' सिटौलाको पसलमा पाँच सयदेखि १५ हजार रुपैयाँसम्मका हस्तकलाका सामान छन् । सोही क्षेत्रमा विगत २५ वर्षदेखि व्यापार गर्दै आउनुभएका सिन्धुपाल्चोकका हरि कार्कीको अनुभवमा पनि व्यापारमा उत्साह छैन । व्यापार राम्रो भएका बेला कहिलेकाहीँ दैनिक १५ हजार रुपैयाँसम्म आम्दानी हुन्छ । उनले भने, 'यो सिजनमा व्यापार ठीकै छ, कोरोनाकाल भन्दा त धेरै राम्रो छ । सिजनमा राम्रो व्यापार हुन्छ । अहिले सिजन हो तर, विदेशी पर्यटक बढे पनि ग्राहक भने नेपाली नै हुने गरेका छन् ।' कार्कीको पसलमा पाँच सयदेखि १२ हजार रुपैयाँसम्मका सामान छन् । विदेशीले 'सिङ्गिङ बल', मालालगायतका सामग्री बढी रुचाउन्छन् ।

प्रमुख पर्यटकीय क्षेत्रमा विदेशीले भन्दा नेपालीले समान किन्ने गरेको व्यावसायीले बताएका छन् । कोभिड पहिले दैनिक २० हजार रुपैयाँसम्म कमाइ गर्ने कार्कीले अहिले पाँचदेखि १० हजार आम्दानी गरिरहेका छन् । वसन्तपुर दरबार क्षेत्र, ठमेल, स्वयम्भू, बौद्ध, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्रमा हस्तकलाका सामानको व्यापार हुन्छ । सबैभन्दा धेरै किनमेल वसन्तपुरमै हुन्छ । होलसेलमै सस्तो सामान पाइने भएकाले विदेशीको पहिलो रोजाइ वसन्तपुर क्षेत्र हुने गरेको व्यवसायीको भनाइ छ । झापाका किशोर दर्नाल २५ वर्षदेखि वसन्तपुर क्षेत्रमा व्यापार गर्छन् । पर्यटकीय सिजन भए पनि व्यापार उत्साहजनक नभएको उनले बताए । उनी भन्छन्, 'व्यापार काम चलाउ मात्रै छ । पर्यटक आए पनि सामान किन्दैनन् । नेपालीले नै बढी किन्छन् । आशातित रुपमा सिजन मै व्यापार छैन ।' भक्तपुरकी धनमाया तामाङको पनि व्यापार राम्रो छैन । 'कहिले हुन्छ, कहिले हुँदैन । भएको बेला पाँच हजारदेखि १० हजार रुपैयाँ कमाइ हुन्छ । पर्यटक आएका छन् तर बिक्री भने खासै छैन', उनले भने, 'तामाङको पसलबाट उपभोक्ताले माने, मुकुण्डोलगायतका सामान बढी लैजान्छन् ।' वसन्तपुरमा सामान खरिद गर्दै गरेकी ललितपुरकी सृष्टि श्रेष्ठले यो क्षेत्रमा सस्तो सामान पाइने भएकाले आएको बताए । 'वसन्तपुरमा सामान किन्न रमाइलो लाग्छ', भाउजु रेखा श्रेष्ठसँगै वसन्तपुर घुम्न आएकी श्रेष्ठले भनिन्, 'पाटनमा सामान पाइने भए पनि नानीबाबुसँगै घुम्न पनि पाइने र सामान पनि किनिने भएकाले यहाँ आएका हौँ ।' वसन्तपुरका व्यवसायी मात्रै होइन प्रमुख पर्यटकीय क्षेत्र ठमेलको हस्तकलाको व्यापार पनि राम्रो छैन । विगत १५ वर्षदेखि सो क्षेत्रमा व्यापार गर्दै आएका मनाङ ह्याण्डिक्राफ्टका सञ्चाल वाङ्गेल गुरुङले सिजनमै व्यापार खासै राम्रो नभएको बताए । उनले भने, 'कोभिडपूर्व व्यापार राम्रै थियो । अहिले भाडा तिर्नसमेत समस्या छ ।

पर्यटक आउँछन् सामान हेर्छन् जान्छन् । नेपालीले फाट्टफुट्ट किन्छन् ।' ठमेलमा विगत २२ वर्षदेखि व्यापार गर्दै आएका भारतका ओसिम अकरमले पनि व्यापार राम्रो नभएको सुनाए । उनी 'माउनटेन टिसर्ट ब्याग' मार्फत विदेशीलाई नेपाली उत्पादन बिक्री गर्दै आएका छन् । ठमेलमा बुद्धिष्ट माला इन्टरप्राइसका सञ्चालक इन्द्रसिंह लामाले पर्यटक घुमिरहे पनि व्यापार सन्तोषजनक नरहेको बताए ।

# मधेश सेमिफाइनलमा



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश केपी ओली कप टी–२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । नेपाल पुलिस क्लब सुदूरपश्चिम प्रदेशसँग पराजित भएसँगै मधेश समूह 'सी' को विजेता बन्दै सेमिफाइनलमा पुगेको हो । मधेश प्रदेश, नेपाल पुलिस क्लब र सुदूरपश्चिम प्रदेशको समान २ अङ्क भए पनि नेट रन रेटमा अघि रहँदै मधेस सेमिफाइनलमा पुगेको हो । मङ्गलवार पोखरा रङ्गशालामा भएको खेलमा सुदूरपश्चिमले पुलिसलाई ४ विकेटले हरायो । पुलिसले दिएको १ सय ५९ रनको लक्ष्य सुदूरपश्चिमले १८ ओभर ४ बलमा ६ विकेट गुमाएर भेटेसँगै सुदूरपश्चिम विजयी भएको हो । यसअघि समूह 'ए' बाट बाग्मती प्रदेश, समूह 'बी' बाट सशस्त्र प्रहरी बलको एपीएफ क्लब सेमिफाइनलमा पुगेको थियो । कोशी प्रदेशलाई ३९ रनले पराजित गर्दै त्रिभुवन आर्मी क्लब पनि केपी ओली कप टी–२० क्रिकेटको सेमिफाइनल प्रवेश गरेको छ ।

# प्रेस्क्रिप्सनबिना गर्भनिरोधक चक्की

**एएफपी**
**टोक्यो ।**
जापानले परीक्षणका रूपमा चिकित्सकको प्रेस्क्रिप्सनबिना गर्भनिरोधक चक्की बिक्री गर्ने पाइलट प्रोजेक्ट सुरु गरेको छ । यद्यपि अभियानकर्ताहरूले प्रोजेक्टलाई अत्यन्त सानो भनेर आलोचना गर्दै सबै प्रतिबन्ध हटाउन आह्वान गरेका छन् । आपत्कालीन गर्भनिरोधक चक्कीसामाजिकरूपमा रूढीवादी जापानमा चिकित्सकको प्रेस्क्रिप्सन र क्लिनिक वा फार्मेसीमा गएर मात्र उपलब्ध हुने भन्दै अधिकार समूहहरूले लामो समयदेखि गुनासो गर्दै आएका छन् । अभियानकर्ताहरूका अनुसार यसले धेरै महिला विशेषगरी बलात्कार पीडित र किशोरीहरूलाई टाढा राखेको छ । पाइलट प्रोजेक्टअन्तर्गत यौन सम्पर्कको ७२ घन्टाभित्र गर्भधारणलाई रोक्न सक्ने तर समयसँगै कम प्रभावकारी हुने चक्की एक सय ४५ फार्मेसीमा उपलब्ध गराउने तयारी छ । यद्यपि जापान फर्मास्युटिकल एसोसिएसनको वेबसाइटअनुसार महिलाहरूले अहिले पनि परिचयपत्र देखाउनुपर्ने र फर्मासिस्टको अगाडि औषधि लिनुपर्नेछ । चिकित्सकको प्रेस्क्रिप्सनबिना गर्भनिरोधक चक्की लिन न्यूनतम उमेर १६ छ तर १८ वर्षभन्दा कम उमेर भएकालाई बुबाआमा वा अभिभावक हुन आवश्यक छ । गर्भनिरोधक चक्कीको मूल्य सात हजारदेखि नौ हजार येन (४७ देखि ६१ अमेरिकी डलर) को बीच निर्धारण गरिएको छ । आपत्कालीन गर्भ निरोधकका लागि फार्मेसी परियोजना अभियान समूहले परीक्षण पर्याप्त नभएको बताएको छ । समूहका सह–अध्यक्ष असुका सोमेयाले भने, 'फार्मेसीको छनोट अत्यन्तै कडा थियो, यो चक्की एक सय ४५ औषधि पसलमा मात्र उपलब्ध छ, यो जापानमा कूल ६० हजारमा शून्य दशमलव दुई प्रतिशत मात्र हो ।'

उनले बुबाआमाको सहमतिको आवश्यकताले नाबालिगहरूलाई ठूलो बाधा उत्पन्न गर्ने बताए । 'यस्ता धेरै मानिस छन् जसले सम्भावित गर्भावस्थाका बारेमा आफ्ना बुबाआमासँग कुरा गर्न सक्तैनन्, उनीहरूलाई आफ्नो यौन अनुभव र गर्भावस्थाको चिन्ताका बारेमा बुबाआमासँग कुरा गर्न कठिन हुनेछ', उनले भने, 'हामीले फेरि पनि स्वास्थ्य मन्त्रालयसँग कुनै प्रतिबन्धबिना फार्मेसीहरूमा चक्की सम्पूर्णरूपमा र छिटो उपलब्ध गराउन अनुरोध गरेका छौँ ।'

पाइलट प्रोजेक्टले यो वर्ष स्वास्थ्य मन्त्रालयको सार्वजनिक परामर्शमा अत्यधिक सकारात्मक प्रतिक्रियालाई अनुसरण गरेको छ । परामर्शमा ४६ हजार उत्तरदाताहरूमध्ये ९७ प्रतिशतले पक्षमा राय दिएका छन् । विश्व स्वास्थ्य सङ्गठनले आपत्कालीन गर्भनिरोधक चक्की सबै राष्ट्रिय परिवार नियोजन कार्यक्रममा नियमितरूपमा समावेश गर्नुपर्ने आफ्नो वेबसाइटमा उल्लेख गरेको छ । अभियानकर्ताहरूका अनुसार ९० भन्दा बढी मुलुकमा बिना प्रेस्क्रिप्सन गर्भनिरोधक चक्कीको बिक्रीलाई अनुमति दिएका छन् ।

# अढाई अर्बको चिया र सवा अर्बको अलैँची निर्यात

**झापा ।**
कोशी प्रदेशको विशेष नगदेबाली चिया, अलैँची, अदुवा र अम्रिसो निर्यात वृद्धि भएको छ । पूर्वी नाका काँकडभिट्टाबाट चालु आर्थिक वर्ष २०८०÷८१ को त्रैमासिक अवधिमा दुई अर्ब ५९ करोड ८६ लाख मूल्य बराबरको चार हजार तीन सय ३१ मेट्रिक टन जैविक चिया भारत निर्यात भएको काँकडभिट्टा प्लान्ट क्वारेन्टिन कार्यालयले जनाएको छ । झापा, इलाम, पाँचथर, धनकुटालगायत कोशी प्रदेशको जिल्लामा चियाको खेती हुँदै आएको छ । पछिल्लो समय नेपालको जैविक चियाको भारतलगायत युरोपको बजारमा माग बढिरहेको व्यवसायी बताउँछन् । पहाडी जिल्लामा धेरै उत्पादन हुने अलैँची, अदुवा र अम्रिसो पनि भारतीय बजारमा निर्यात हुँदै आएको छ । प्लान्ट क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्देश्वर ठाकुरका अनुसार आव २०८०÷८१ को साउन, भदौ र असोज महिनामा एक अर्ब २० करोड ८० लाख मूल्य बराबरको एक हजार पाँच सय १० मेट्रिक टन अलैँची भारत निर्यात भएको थियो । पूर्वी पहाडको इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, सङ्खुवासभा, भोजपुर, खोटाङलगायत जिल्लामा ओसिलो खोल्सी खेतमा अलैँचीको खेती हुँदै आएको छ । औषधि र मसालाका रुपमा प्रयोग हुने भएकाले यसको बजार मूल्य अति उच्च रहेको छ । आव २०८०÷८१ को त्रैमासिक अवधिमा २२ करोड ९५ लाख चार हजार मूल्य बराबरको एक हजार सात सय ९३ मेट्रिक टन अदुवा पूर्वीनाका काँकडभिट्टा भएर निकासी भएको छ । निर्यातअघि झापा र इलाममा अदुवाको प्रशोधन हुने गरेको छ । किसानले उत्पादन गरेको अदुवा व्यवसायीले खेतमै गएर खरिद गर्दै आएका छन् । अदुवालाई झापाका विभिन्न प्रशोधन केन्द्रमा पुऱ्याएर गुणस्तरीय बनाएर भारत निकासी हुने गरेको छ । अम्रिसो कुचो बनाउनका लागि प्रयोग गरिन्छ ।

नेपाली अम्रिसोको भारत तथा बङ्गलादेशमा ठूलो माग छ । तथापि नेपालले अधिकांश अम्रिसो भारत निर्यात गर्दछ । चालू आवको त्रैमासिक अवधिमा २९ करोड ४० हजार मूल्य बराबरको दुई हजार चार सय १७ मेट्रिक टन अम्रिसो भारत निकासी भएको ठाकुरले जानकारी दिए । अन्य बाली उत्पादन नहुने पहाडको पाखो बारी र कान्लामा अम्रिसोको खेती हुन्छ । फूललाई छिप्पिएपछि थुतेर कुचोका रुपमा प्रयोग हुने भएकाले यसबाट किसान लाभान्वित भइरहेका छन् । अम्रिसोको घाँस गाईवस्तुलाई खुवाइन्छ । पूर्वीनाका भएर प्लाइउड र भेनियर उडका उत्पादन उल्लेख्य मात्रामा भारत निर्यात भइरहेको छ । मसालाका रुपमा प्रयोग हुने तेजपात पनि भारत निकासी हुन थालेको छ । प्लान्ट क्वारेन्टिन कार्यालयका अनुसार चालु आवको पहिलो त्रैमासिक अवधिमा ७४ करोड १८ लाख १९ हजार मूल्य बराबरको २२ हजार ६ सय ७२ मेट्रिक टन प्लाइउड तथा भेनियर उड भारत निकासी भएको छ । सोही अवधिमा १७ लाख ९२ हजार मूल्य बराबरको २८ मेट्रिक टन तेजपात भारत निकासी भएको छ । नेपालबाट भारततर्फ निकासी हुने कृषि वस्तुमा मसुरो दालसमेत रहेको छ । सोही अवधिमा आठ करोड चार लाख १९ हजार मूल्य बराबरको पाँच सय ८७ मेट्रिक टन मसुरो दाल निकासी भएको कार्यालयले जनाएको छ ।



# १३ जोडीको एउटै मञ्चमा विवाह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा एउटै मञ्चमा १३ जोडीले दाइजोरहित विवाह गरेका छन् । मिथिला नगरपालिका–२ स्थित सत्लोक आश्रममा उनीरूले दाइजोमुक्त विवाह गरेका हुन् । शन्त रामपाल माहराजले स्थापना गरेको आश्रममा ५ सय १० औँ तीन दिवसीय दिव्यधर्म यज्ञका अवसरमा एउटै मञ्चमा सोमबार १३ जोडीको अन्तरजातीय एवम् आदर्श विवाह गराइएको हो । उनीहरूको विवाह १७ मिनेटमै सकिएको थियो । असुर निकन्द रमेणी मन्त्रको उच्चारण गरी १७ मिनेटमा १३ जोडीको विवाह गराइएको शन्त रामपालका अनुयायी इश्वरदत्त भट्टले बताए ।

(व्यापारी) को रुप बनाएर नौ लाख गोरुहरु माथि पाकेको तयार भोजन (प्रसाद) तथा कच्चा सामग्रीका साथै १ लाख सेवादारहरु सतलोकबाट लादेर धरतीमा ल्याएका थि ए । सतलोकमै बनेका पूरी, जेरी, लड्डुका विभिन्न पकवान ल्याएर १८ लाख साधुसन्त तथा काशीका अन्य बासीलाई काशीमा मोहन भण्डारा खुवाएर तृप्त गराएका थिए । तीन दिनसम्म आयोजना हुने दिव्य धर्म यज्ञ कार्तिक महिनाको शुक्ल पक्ष चतुर्दशीदेखि मंसिरको कृष्ण पक्ष प्रतिपदासम्म चलेको थियो । त्यसैको उपलक्ष्यमा नेपालमा एउटा र अन्य देशमा ९ वटा गरी १० वटा सत्लोक आश्रममा मंसिर १०,११ र १२ गते तीन दिनसम्म दिव्य धर्म यज्ञ दिवस मनाइएको ।

कार्यक्रममा नेपाल तथा नेपाल भन्दा बाहिरका गरी करिब ३ लाख भन्दा बढी संख्यामा श्रद्धालुको उपस्थिति थियो । समाजबाट सर्वविकृति अन्त्य गरी धरतीलाई स्वर्ग बनाउने तथा सदभक्ति प्रदान गरी सबैलाई काललोकको मृत्युचक्रबाट मोक्ष प्रदान गर्नु नै सन्त रामपालजी महाराजको मुख्य उद्देश्य रहेको संस्थाका अध्यक्ष कुमार डंगोलले बताए । सधैँ समाज सेवामा अगाडि रहने र रक्तदान कार्यक्रममा पनि उत्साहका साथ पालो कुरेर भएपनि रक्तदान गरेरै छोड्ने सेवा भावलाई देखेर नेपाल रेडक्रसका कर्मचारीले सन्त रामपालजी महाराजको अनुयायीको सराहना गरे ।

मंसिर १० गते शुभारम्भ भएको कार्यक्रममा १२ गतेसम्म शुद्ध घ्यूको लड्डु तथा



'विवाह हुने चार जोडी नेपाल र ९ जोडी भारतका छन् । यो विवाहलाई रमेणी विवाह पनि भनिन्छ' उनले भने, 'यो विवाह पूर्णतः आदर्श एवम् दाइजो विवाह हो ।' जातीय वा अन्तरजातीयमा विवाह गर्नुपूर्व सबै जोडीका अभिभावकको अनुमति एवम् उपस्थिति अनिवार्य गरिएको थियो । आइतबारदेखि सुरु भएको तीन दिवसीय दिव्य धर्म यज्ञमा शन्त गरिबदास महाराजको अमरवाणी अखण्ड पाठ, रक्तदान शिविर, विशाल भण्डारा तथा दाइजोमुक्त विवाह कार्यक्रम भइरहेको भट्टले बताए । कपडा बुनेर जीविका चलाउने निर्धन सन्त तथा भक्तको लीला गरिरहेका कबीर साहेबले पहिले विक्रम सवंत् १५७० मा कार्तिक महिनाको शुक्ल पक्ष चतुर्दशीको दिन स्वयम् नै केशव बन्जारा

सत्लोकबाट तयार भोजन प्रसाद ल्याएर काशीमा विशाल भण्डाराको धर्म यज्ञ गराएको अद्भूत लीलाको सम्झनामा हरेक वर्ष सन्त रामपालजी महाराज तथा उनका अनुयायीद्धारा दिव्य धर्म यज्ञ दिवस मनाउने गरिन्छ । तीन दिनसम्म भव्यरुपमा मनाइने यस कार्यक्रमको पहिलो दिन मधेश प्रदेश प्रमुख हरिशंकर मिश्र, माननीय संघीय सांसद लक्ष्मी तिवारी र विन्दवासिनी कंसाकार, भूतपूर्व स्वास्थ्यमन्त्री सुरेन्द्र प्रसाद यादव, दोस्रो दिन सशस्त्र प्रहरी बल नेपालका डिआइजी दिपेन्द्र साह, नेपाल विद्युत प्राधिकरणका मधेश प्रदेश प्रमुख र तेस्रो दिन जसपा अध्यक्ष उपेन्द्र यादवलगायत विभिन्न ठाउँका मेयर, प्रशासनिक कर्मचारी तथा राजनीतिक व्यक्तित्वको सहभागिता थियो ।

जेरीलाई मुख्य प्रसादको रुपमा खुवाई प्रसाद घरका लागि पनि लैजाने व्यवस्था गरिएको थियो । कार्यक्रममा आध्यात्मिक प्रदर्शनी पनि लगाइएको थियो । जसमा कबिर साहेब तथा सन्त रामपालजी महाराजको जीवनको संघर्ष र कबीर साहेबद्धारा गरिएका दिव्य धर्म यज्ञका तस्बिर तथा आध्यात्मिक ज्ञान सन्बन्धी चित्र र शास्त्रीय प्रमाण लगाइएका थिए । यसमा संस्कृतका प्रकाण्ड विद्वानबाट शास्त्र अनुकूल भक्ति विधिको प्रमाणसमेत सम्झाइने व्यवस्था छ । समाजलाई विकृति मुक्त बनाई सदभक्तिबाट संसारलाई सुखी बनाउने, संसार बाट सबै किसिमका अपराध, भेदभाव छुवाछुतको अन्त्य गर्ने उद्देश्यले यस्ता कार्यक्रमहरुको आयोजना गरिने संस्थाका अध्यक्ष कुमार डंगोलले बताए ।

# निराशाको दोष सङ्घीय व्यवस्थालाई नदिउँ



परिवर्तित व्यवस्थालाई संस्थागत र प्रभावकारी तुल्याउन शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने, राज्य पुनःसंरचना अर्थात् सङ्घीयतासँग सम्बन्धित राजनीतिक, संवैधानिक विषयलाई सुल्झाउने र विकास तथा अर्थव्यवस्थालाई उत्पादन र रोजगारीसँग जोड्ने काम गर्न जरुरी छ ।
**– बिमलेन्द्र निधि, सांसद, पूर्व उपप्रधानमन्त्री**

**टिकाराम सुनार/चन्दन ठाकुर**
**जनकपुरधाम ।**
हिजोआज धेरैले भन्छन्, 'संसारमा सबैभन्दा उन्नत भनिएको सङ्घीय व्यवस्थाले समेत परिणाम दिने गरी काम गर्न नसक्दा जताततै निराशा बढ्यो । त्यही निराशाले युवाशक्ति देश छाडेर परदेश रोज्न बाध्य पार्यो र अस्थिरता बढाउँदैछ ।' तर नेपालको संसदीय राजनीतिमा एक परिपक्क र अनुभवी नेता बिमलेन्द्र निधि भने 'निराशा बढ्यो भनेर शिशु सङ्घीय व्यवस्था'माथि दोष थोपर्नु 'हतार (अधैर्य) र हतास' मानसिकताको उपज भएको टिप्पणी गर्छन् ।
पूर्वउपप्रधानमन्त्री निधिले भने, 'यति चाँडै व्यवस्थाले काम गरेन, केही भएन र केही हुँदैन भनेर उद्वेलित गराउनु हिजोका निर्दलीय व्यवस्थाबाट भरपूर लाभ लिइरहेका तत्वहरूको छट्पटाहटमात्रै हो । यसबाट परिवर्तनकारी शक्तिहरू आत्तिनुपर्ने कुनै आधार देख्दिनँ ।'
उनले करिब दुई सय ५० वर्ष लामो जहानियाँ राजतन्त्र, ३० वर्षे निर्दलीय पञ्चायती व्यवस्था, विगतको हिंसात्मक द्वन्द्व र अस्थिरताका कारण जकडिएर रहेका तमाम समस्यालाई एकाध दशकमै समाधान गर्न सकिएन भनेर निराश हुनु वस्तुनिष्ठ नहुने बताए ।
नेपाली कांग्रेसका पूर्वउपसभापति निधिले परिवर्तित समयको पदचाप पछ्याउँदै परिवर्तनकारी शक्तिहरूले राजीतिक परिवर्तनलाई जनताको जीवनसँग जोड्न लाग्नुपर्ने बताए । उनले भने, 'त्यो सरासर झुट र बेइमानीमात्रै हो, सडक, स्वास्थ्य, शिक्षा, निजी क्षेत्रको जबर्जस्त उपस्थिति, सहरदेखि विकट उच्च पहाड र हिमाली क्षेत्रलाई समेत विकासको प्रवाहमा ल्याउन तमाम काम भएका छन् ।'
द्वन्द्व, अस्थिरता र प्रतिकूल अवस्थामा पनि यिनै राजनीतिक दल र नेतृत्वले जनताका आधारभूत आवश्यकतासँग जोडिएका विकास पूर्वाधारहरू बनाएका उदाहरण प्रस्तुत गर्दै पूर्वभौतिक, पूर्वाधार तथा यातायातमन्त्री निधिले भने, 'सिङ्गो देशलाई काठमाडौँ, सहरबजार, पूर्वपश्चिम राजमार्गसँग जोडिएका निश्चित ठाउँ, एकाध विश्वविद्यालय र औद्योगिक क्रियाकलापले मात्रै हेर्नुहुँदैन ।'
कल्पना गर्नुस् त 'प्रजातन्त्र आउनुअघिको कर्णाली, मधेश, सुदूरपश्चिम । सम्झनुस् न दूरदराजको नागरिक जनजीवन, महिला, दलित, सीमान्तकृत वर्ग, समुदाय र भूगोल,' उनले उदाहरण दिँदै भने । पूर्वगृहमन्त्री निधिको हिजो राजनीतिक परिवर्तनका लागि एकजुट भएजस्तै आम नागरिक र राजनीतिक नेतृत्वले सबल, सक्षम र आत्मनिर्भर नेपाल बनाउन लाग्नुपर्नेमा जोड छ ।
विसं २०२५ मा नेपाली कांग्रेससँग आबद्ध अखिल भारतीय नेपाली छात्र तथा युवासङ्घको सदस्यबाट राजनीति क्षेत्रमा प्रवेश गरेका निधिले नेपाली कांग्रेस धनुषा सदस्य, रारा बहुमुखी क्याम्पस जनकपुरको स्ववियु सचिव, नेपाल विद्यार्थी सङ्घको केन्द्रीय सदस्य र सभापति तथा विसं २०४६ को आन्दोलनमा जनकपुर क्षेत्र एक्सन कमिटी इञ्चार्ज भएर काम गरे ।
'हामीले राजनीतिक परिवर्तन र सामथ्र्यअनुसारको विकास गर्यौँ तर त्यो विकासलाई रोजगारीसँग जोड्न सकेनौँ । अब विकासलाई रोजगारीसँग जोड्ने बेला आयो । केही व्यावहारिक समस्या सुल्झाउँदै रोजगारी र उत्पादन सम्बन्ध जोड्नेभन्दा अर्को प्राथमिकता र विकल्प पनि त छैन हामीसँग । यहीबेला फेरि राजनीतिक परिवर्तनमै रुमल्याउने प्रयास गर्न सक्छन् केही तत्वले । त्यसमा सचेत बन्नु राजनीतिक दल र यो व्यवस्थाका पक्षपाती सचेत नागरिकको कर्तव्य हो,' उनले भने ।
सांसद निधिले संसद्, सरकार र राजनीतिक दलहरूका सङ्गठनलाई परिणाममूलक काममा केन्द्रित गर्न सकेमा व्यवस्था र नागरिक आवश्यकतालाई सम्बोधन गर्न सकिने धारणासमेत राखे । सांसद निधिले संसद् र सरकारको भूमिका राजनीतिक दलहरूकै भूमिकामा निर्भर हुने भएकाले यी दुवै अङ्गलाई प्रभावकारी बनाउन लाग्नु समयको आवश्यकता भएको बताए ।
'जनतालाई शासन र राज्यमा आफ्नो प्रतिनिधित्व र अपनत्वको आभाष दिलाउने थलो संसद् नै हो । लोकतान्त्रिक व्यवस्थामा जनमुखी सरकारका लागि खबरदारी गर्ने प्रभावकारी माध्यम संसद् अर्थात् व्यवस्थापिकाभन्दा अर्को हुन सक्दैन । तर नयाँ संविधानअनुसार दुईपटक निर्वाचित संसद्मध्ये अघिल्लो संसद् पनि परिणाममुखी हुन सकेन । सरकार बनाउने, भत्काउने र संसद् विघटन गर्ने तहसम्म पुग्यो । अहिलेको संसद्को एक वर्षमा पनि सङ्घीयताको मूल विषयभन्दा गैरराजनीतिक विषयमा अल्झिनुपर्ने अवस्था बन्यो । यसले हामी सबै चिन्तित छौँ,' उनले भने ।
उनीसँग विसं २०५१ मा प्रतिनिधिसभा सदस्य, विसं २०६३ मा पुनःस्थापित प्रतिनिधिसभा सदस्य, विसं २०६४ र २०७० मा संविधानसभा सदस्य भई काम गरेको अनुभव छ । नेता निधि विसं २०५९ मा नेपाली कांग्रेस (प्रजातान्त्रिक)को महामन्त्री तथा विसं २०७५ मा नेपाली कांग्रेसको उपसभापति भएका थिए ।
दलहरूले संविधान निर्माणपछि बनेका संसद्ले अहिलेसम्म सङ्घीयताको प्राथमिक र आधारभूत विषयका रूपमा रहेका सात प्रदेशलाई शासनाधिकार दिए पनि प्रहरी प्रशासन (कर्मचारी) सम्बन्धी अधिकार कार्यान्वयन गर्न सघाउने ऐन, कानुन बनाउन नसकेकामा उनँको चित्त दुःखाई छ ।
'नगर प्रहरी हुने तर प्रदेश प्रहरी प्रशासन नहुने' अवस्था बदल्न नसकिएकाले सङ्घीयताको महत्त्वपूर्ण अङ्ग प्रदेश संरचना कामयाबी भएन भनेर आलोचना भइरहेको पनि नेता निधिको बुझाइ छ । उनी परिवर्तित अवस्थाअनुसार राजनीतिक संस्कार र आचरण विकास गर्न नसक्दा संसदीय क्रियाकलापसमेत सुसंस्कृत नभएको र त्यसको नकारात्मक प्रभावबाट सरकार र संसद् दुवै ग्रस्त भएको बताउँछन् ।
सङ्घीय संसद्को एकवर्षे कार्यकालको अभ्यासले पनि जनतालाई फरक अनुभूति दिन नसकिएको नेता निधिको भनाइ छ । सांसद निधिका अनुसार संसद्भित्र बहुदल भएकाले आलोचना, टीकाटिप्पणी हुने गरे पनि सधैँ सरकार गठन, विघटनमै रुमल्लिँदा अरु प्राथमिक विषय ओझेलमा परेकाले अब भने दलहरू फरक ढङ्गले अगाडि बढ्नुपर्छ ।
प्रदेश र स्थानीय तहले एक कदम अगाडि बढेर आफ्नो अधिकारसँग जोडिएका कानुन, नीति–नियम बनाउँदा पनि सङ्घीय संसद्ले सोअनुसार अत्यावश्यक कानुन बनाउन नसक्नु आलोच्य विषय भएको जनाउँदै उहाँ प्रदेश र स्थानीय तहलाई कमजोर बनाएर सङ्घीयता बलियो हुन नसक्ने धारणा राखे ।
एकातिर सुशासन, विकास र अर्कोतिर राजनीतिक परिवर्तनले मात्र जनताको अवस्था बदल्न नसकेको भन्ने जिज्ञासामा 'हो, हामीले परिणाममुखी काममा केन्द्रित हुनुपर्नेछ । यसको अर्थ लामो बलिदानी र सङ्घर्षबाट ल्याइएको पछिल्लो परिवर्तन र त्यसका मुख्य घटकहरूमाथिको विश्वसनीयता नै गुम्यो भन्न सकिँदैन । यो व्यवस्था कसैको लहड र लादिएर आएको होइन । तत्कालीन राजाले समेत यो व्यवस्थाको एक शब्दमा विरोध गर्न नसकेको कुरा बिर्सिनु हुँदैन । बहुदलीय व्यवस्थामा केही दल थपिए वा केही असन्तुष्टि बढ्यो भनेर व्यवस्था र हामी दलहरूको विश्वसनीयतामाथि प्रश्न उठाउने र यहीँ बहानामा लोकतन्त्रविरोधी क्रियाकलाप गर्न सकिन्छ भनेर कसैले नसोचे हुन्छ,' सांसद निधिले आफ्नो मत राखे ।
सूचना स्रोतमाथि नागरिक पहुँच, नागरिक स्वतन्त्रता, खुला र पारदर्शी समाजका कारण भ्रष्टाचारसम्बन्धी विषय र अरु शासकीय गतिविधि प्रकाशमा आएको दाबी गर्दै सांसद निधिले सुशासनका लागि कानुनसम्मत व्यवहार र नैतिक आचरण विकासका लागि भने सबैले इमान्दार प्रयत्न गर्नुपर्नेमा जोड दिए ।
उनले परिवर्तित व्यवस्थालाई संस्थागत र प्रभावकारी तुल्याउन शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने, राज्य पुनःसंरचना अर्थात् सङ्घीयतासँग सम्बन्धित राजनीतिक, संवैधानिक विषयलाई सुल्झाउने र विकास तथा अर्थव्यवस्थालाई उत्पादन र रोजगारीसँग जोड्ने काम गर्नुपर्ने बताए ।
एक प्रसङ्गमा निधि भन्छन्, 'निराशसँगै निवारणको उपाय हुन्छ र हुनुपर्छ । त्यो अध्ययनको विषय हुनसक्ला । युवापुस्तामा विकास हुँदै गएको मनस्थितिको कुरा गर्दा पोर्चुगलको आँप बगैँचामा १० हजार नेपालीले काम गरिरहेको सन्दर्भ सम्झिन्छु । के नेपालमा आँप बगैँचा हुन सक्दैनन् ? के नेपालमा भेडा चराउन सकिँदैन ? उद्यम गर्न सकिँदैन ? केही पनि गर्न नसकिने अवस्था हो ? त्यसो होइन ।' सरकारले उपयुक्त वातावरण र युवाहरूले स्वदेशमै सिर्जनात्मक काम गर्नुपर्नेमा जोड दिँदै उनले मुलुक उत्पादन र रोजगारीको युगमा प्रवेश गर्ने बेलामा फेरि निराशाका विषय उठाएर अल्झिन नहुने सुझाव दिए ।

# महिला शव भेटियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजी गाउँपालिका वडानम्बर–४ मा महिलाको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख मित्रबन्धु शर्माका अनुसार परालले छोपेर राखेको अवस्थामा शव फेला परेको हो । स्थानीयले खबर गरेपछि प्रहरी टोली घटनास्थल पुगेको छ । 'शवको पहिचान हुनसकेको छैन । घटनास्थल वरपर कोही मानिस हराएको पनि सूचना छैन', एसपी शर्माले भने, 'पोष्टमार्टमका लागि अस्पताल लैजाने तयारी भएको छ ।' प्रहरीका अनुसार कसैले हत्या गरेर शव राखेको हुनसक्ने अनुमान छ । ७० प्रतिशत शव सडेकाले सहजै चिन्न सक्ने अवस्था नभएको प्रहरीको भनाइ छ ।

# वडा कार्यालय उद्घाटन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको मटिहानी नगरपालिका वडा नम्बर १ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ । नवनिर्मित वडा कार्यालय भवनको नगरपालिका प्रमुख हरिप्रसाद मण्डल र वडा नम्बर १ का वड़ाअध्यक्ष शिवशंकर कुमार रायले संयुक्त रुपमा उद्घाटन गरे ।
प्रमुख मण्डलले वडा कार्यालयको भवन निर्माणसँगै कामकाजमा सहयोग पुग्ने बताए । मटिहानी नगरपालिका वडा नम्बर १ को वडास्तरीय योजना कार्यक्रमअन्तर्गत २३ लाख १२ हजार रुपैयाँको लागतमा तीनकोठे वडा कार्यालय भवन निर्माण भएको पालिकाका प्राविधिक बिमलेश साहले बताए । वड़ा कार्यालय भवन निर्माणका लागि मटिहानी नगरपालिका वडा नम्बर २ का रामचन्द्र ठाकुरले १३.५ कठा जग्गा निःशुल्क उपलब्ध गराएका थिए । कार्यक्रममा मटिहानी नगरपालिकाका उपप्रमुख मञ्जु देवी साह, लोसपा नेपाल नगर कार्यसमिति अध्यक्ष श्याम कुमार मण्डल, वड़ाअध्यक्षहरु नाजिर मिया, मिश्री नायक, कलीम अन्सारी, जीतनारायण माझी, रितेश साह, मदन चौधरी, प्रमुख प्रशासकीय अधिकृत चन्द्र शेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मण्डल, योजना अधिकृत राजेश कुमार शर्मा, कार्यपालिका सदस्यलगायत स्थानीयको उपस्थिति थियो । मटिहानी नगरपालिकाको ९ वटै वडामध्ये ८ वटा वडाको आफ्नै भवन निर्माण भएको छ भने वडा नम्बर ८ यो आर्थिक वर्षमा भवन निर्माण हुने क्रममा छ ।



# जसपा उपाध्यक्षसहित १४ जना कारबाहीमा




**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी नेपाल सप्तरीले उपाध्यक्षसहित १४ जनालाई गुटबन्दी गरी कार्यकर्तामा भ्रम सिर्जना गरेको भन्दै कारबाही गरेको छ ।
उपाध्यक्ष उमेश प्रसाद यादवसहित १३ जनालाई सात दिनको अल्टिमेटमसाथ सोधिएको स्पष्टिकरणको जवाफ नदिएकाले उनीहरूलाई पदबाट हटाइएको अध्यक्ष केदार प्रसाद यादवले बताए । सोमबार बसेको पार्टी बैठकले उनीहरूलाई पदमुक्त गर्ने निर्णय गरिएको सचिव हरेराम यादवले बताए । उनीहरूलाई पदीय जिम्मेवारीबाट हटाइए पनि पार्टीको साधारण सदस्यबाट भने नहटाइएको उनले जानकारी दिए ।
सचिव यादवका अनुसार पार्टीका उपाध्यक्ष यादव, उपसचिव निलेश कुमार झा, जिल्ला कार्यकारिणी समिति सदस्य दयानन्द गोइत, सुचिता यादव, जिल्ला सदस्य बेचु साह कारबाहीमा परेका छन् । यसैगरी, छिन्नमस्ता गाउँपालिका अध्यक्ष महेश यादव, उपाध्यक्ष उमेश यादव, तिरहुत गाउँपालिका अध्यक्ष वीरेन्द्र मिश्र, तिलाठी कोइलाडी गाउँपालिका उपाध्यक्ष माधव कुमार राय, सचिव शिवनाथ यादव, शम्भुनाथ नगरपालिकाकी उपाध्यक्ष संसारी देवी चौधरी, डाक्नेश्वरी नगरपालिका सचिव उमेश यादव र समाजवादी युवा संघ सप्तरीका अध्यक्ष शिवशङ्कर यादव (शिवम) कारबाहीमा परेका छन् ।
जसपाका असन्तुष्ट पक्षले कार्तिक २२ गते छुट्टै भेला गरी उमेश प्रसादको नेतृत्वमा जिल्ला समानान्तर समिति घोषणा गरेका थिए ।

# नेपाली पत्रकारको टोली भारतको राजधानीमा



**मधेशदृष्टि**
**नयाँ दिल्ली ।**
प्रधानमन्त्री गतिशक्ति राष्ट्रिय गुरु योजना (पिएम गतिशक्ति मास्टर प्लान) बारे भारतले नेपालका पत्रकारलाई 'ब्रिफिङ' गरेको छ । भारतीय उद्योग वाणिज्य मन्त्रालयले मंगलबार नेपालबाट आएको प्रतिनिधिमण्डललाई ब्रिफिङ गरेको हो ।
मास्टर प्लानबारे मन्त्रालयको उद्योग तथा आन्तरिक व्यापार प्रवद्र्धन विभागका सचिव सुमिता डाउराले प्रकाश पारेकी थिइन् । उनले ब्रिफिङमा समृद्धिको यात्रामा चाँडो पुग्न भारतले पिएम गतिशक्ति मास्टर प्लान बनाएर काम गरेको जानकारी गराइन् । भारतले प्रविधिको उच्चतम प्रयोग गरेको बताउँदै नेपालले पनि यस्तो मास्टर प्लान बनाएर काम गर्न सक्ने बताएकी थिइन् ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणक्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मास्टर प्लानबारे छलफल गरेकाबारे पनि ब्रिफिङमा बताइएको थियो ।
स्वतन्त्र युवा प्रजातान्त्रिक संघका अध्यक्ष अरविन्द महतोको नेतृत्वमा पत्रकारको टोली भारत भ्रमणमा छ । भारतीय टोलीको प्रस्तुतिपछि भ्रमण टोलीका संयोजक महतोले प्रस्तुतिका लागि धन्यवाद दिँदै आवश्यक विषयमा सहकार्य गरेर अघि बढिने बताए ।
भ्रमण टोलीमा वीरगंजबाट वरिष्ठ पत्रकार जगदीश शर्मा, मधेशदृष्टिका अध्यक्ष ध्रुव साह, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष राजेश कुमार कर्ण, पत्रकार अनिल तिवारी, श्रवण साह, पुरण साह, निरन्जन साह, गोविन्द महतो, जीवन शर्मा, दिपेन्द्र अधिकारी, नकुल अर्यालसहित १६ जना सहभागी छन् ।

# यातायात कार्यालयमा वीमा बोर्ड

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी यातायात व्यवस्था कार्यालय, वीरगंजमा नेपाल वीमा प्राधिकरण मधेश प्रदेशले बोर्ड लगाएको छ । यातायात कार्यालयमा वीमाको महत्व र फाइदासम्बन्धी चेतना जगाउन र वीमालाई उपेक्षा गर्ने परिपाटी निरुत्साहित गर्न बोर्ड लगाइएको प्राधिकरणको मधेश प्रदेश प्रमुख कुसुम शर्माले जानकारी दिइन् ।
कार्यक्रम थप प्रभावकारी बनाउन कार्यालय परिसरमै बोर्डसमेत स्थापना गरिएको छ । कार्यालयको यातायात कार्यालयका प्रमुख र प्राधिकरणका मधेश प्रमुखद्वारा संयुक्तरुपमा उद्घाटन गरिएको थियो ।
शर्माके अध्यक्षतामा कार्यक्रममा यातायात कार्यालयका प्रमुखलगायत अन्य अधिकृतको उपस्थिति थियो । कार्यक्रममा मधेश प्रदेशका सबै निर्जीवन वीमा कम्पनीका क्षेत्रीय प्रबन्धक, शाखा प्रमुखलगायत कर्मचारीको सहभागिता थियो ।

# विवादमा छुरा प्रहारबाट घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको नृसिंह माध्यमिक विद्यालयमा विद्यार्थीहरूबीच विवाद हुँदा छुरा प्रहार भएको छ । छुरा प्रहारबाट कक्षा १० मा पढ्ने महम्मद फिरोज आलम घाइते भएका छन् । उनलाई कक्षा ९ मा अध्ययनरत अनुराग यादवले छुरा प्रहार गरेको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक धर्मजंङ थिङले जानकारी दिए ।
छुरा प्रहारबाट घाइते आलम कालिकामाइ गाउँपालिका वडा नम्बर ९ निवासी हुन् भने छुरा प्रहार गर्ने सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ का हुन् ।
प्रहरीले दिएको जानकारी अनुसार दुई विद्यार्थीबीचको पुरानो रिसइबीका कारण यादवले आलममाथि छुरा प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको हो । वीरगंजको तराई अस्पतालमा आलमको उपचार भइरहेको प्रहरीले जनाएको छ ।
छुरा प्रहारपछि फरार यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनलाई पावर हाउस चोकस्थित जिल्ला समन्वय समिति अगाडिबाट पक्राउ गरिएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक थिङले जानकारी दिए ।

# प्रशासकीय अधिकृतको बिदाई



वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेललाई मंगलबरा अपरान्ह महानगरपालिकाले बिदाई गरेको छ । झण्डै १८ महिना वीरगंज महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा रहेका पौडेलको कोशी प्रदेशको आन्तरिक मामिला कानुन तथा गृह मन्त्रालयको सचिवका रुपमा सरुवा भएको हो । पौडेलको सरुवा भएसँगै मंगलबार अपरान्ह वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, महानगरपालिकाका बोर्ड सदस्य तथा कर्मचारीले बिदाई गरे । बिदाइ कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले पौडेलको वीरगंज बसाइमा महानगरले धेरै काम गरेको बताउँदै उनको प्रदेश सचिवको कार्यकालको सफलताको शुभकामना व्यक्त गरे । कार्यक्रममा पौडेललाई महानगरका तर्फबाट मायाको चिनो समेत प्रदान गरिएको थियो ।

# जनप्रतिनिधि र कर्मचारीका १७ समिति खारेज

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकालाई व्यवस्थितरुपमा संचालन गर्न गठित जनप्रतिनिधि तथा कर्मचारी सम्मिलित १७ वटा विभिन्न समिति खारेज भएको छ । वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले मंगलबार विज्ञप्ति जारी गर्दै महानगरपालिकामा विभिन्न समयमा गठित समितिहरु खारेज गरिएको जनाइएको छ ।
नगर प्रमुख सिंहको हस्ताक्षरमा जारी विज्ञप्तिमा वीरगंज महानगरपालिका अन्तर्गत कर्मचारी तथा जनप्रतिनिधिको सहभागितामा विभिन्न समिति गठन भएको थियो, त्यो सबै समिति मंगलबारको मितिदेखि लागू हुने गरी खारेज गरिएको व्होरा जानकारी गराइन्छ भनिएको छ । वीरगंज महानगरपालिकामा कर्मचारी तथ जनप्रतिनिधिको सहभागितामा १७ वटा समिति गठन भएको थियो ।

# जीतपुर सिमरामा निमित्त कार्यकारी

बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी शिवजी प्रसादले पाएका छन् ।
जीतपुरसिमराका प्रमुख प्रशासकीय अधिकृत बेदराज फुयालको मंसिर ११ गते गृह मन्त्रालयमा सरुवा भएपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिवजी प्रसादलाई जिम्मेवारी तोकेको हो । उपमहानगरमा कार्यरत कर्मचारीमध्ये जेष्ठ कर्मचारी समेत रहेका उपसचिव नवौँ तहमा कार्यरत शिवजी प्रसादलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रमुख प्रशासकीय अधिकृत नखटाइएसम्मका लागि आर्थिक तथा प्रशासनिक कार्य गर्ने जिम्मेवारी तोकिएको हो । हाल उनी उपमहानगरपालिकाको शिक्षा, खेलकुद तथा युवा महाशाखा प्रमुख हुन् ।

# एमालेको अधिवेशन माघ १२ र १३ गते हुने

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेकपा एमाले रौतहटको अधिवेशन माघ १२ र १३ गते हुने भएको छ । एमाले जिल्ला कमिटी रौतहटको सोमबार पार्टी कार्यालय गरुडामा बसेको सचिवालय बैठकले यस्तो निर्णय गरेको हो । बैठकले माघ १२ र १३ गते पार्टीको दशौँ जिल्ला अधिवेशन गर्ने निर्णय गर्नुका साथै पुस ६ गते जिल्ला कमिटीको पूर्ण बैठक आयोजना गर्ने निर्णय भएको बैठकमा सहभागी प्रदेश कमिटी सदस्य रामजी साहले बताए । त्यसैगरी नेकपा एमालेको झलाघाट–चिवाभन्ज्याङ यात्रा सफल पार्न कृयाशील हुने निर्णय बैठकले गरेको छ ।
एमाले जिल्ला इन्चार्ज पुरुषोत्तम पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा एमाले केन्द्रीय सदस्यद्वय उद्धव रेग्मी, अजय गुप्ता, केन्द्रीय लेखा आयोग सदस्य राजकिशोर यादव, प्रदेश कमिटी सदस्य बिना साह, हिरा खपाङ्गी, गौरीशंकर जैसवाल, जिल्ला अध्यक्ष सच्चिदानन्द साहलगायतको उपस्थिति रहेको प्रचार विभाग प्रमुख रुपेश पटेलले जानकारी दिए ।

# मोबम्बर मुभमेन्ट आयोजना




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज राउण्ड टेबल ३ ले नोभेम्बर २९ अर्थात् बुधबार मोबम्बर मुभमेन्ट गर्ने भएको छ ।
पुरुषको स्वास्थ्य अवस्थाबारे मुभमेन्टमा छलफल हुने छ । छलफलमा युरोलोजिस्ट डा. अनिल साहले सहजीकरण गर्ने छन् । कार्यक्रम साँझ ५ः३० बजे सर्वोत्तम स्टिल परवानीपुरमा हुने वीरगंज राउण्ड टेबल ३ ले जनाएको छ ।

# देशभरका कारागारमा योग शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
आपराधिक क्रियाकलपमा संलग्न भएको अभियोगमा जेल जीवन बिताइरहेका कैदीबन्दीमा सकारात्मक सोचको विकास गर्ने उद्देश्यले वीरगंज कारागारसहित देशका सम्पूर्ण कारागारमा योग शिविरको आयोजना हुने भएको छ ।
गृह मन्त्रालय र मातहतका निकायमा स्वजागरणका रुपमा योगाभ्यास संस्कृति अगाडि बढाउने उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठको अभियानअन्तर्गत वीरगंजसहित देशभरका कारागारमा योग शिविर सञ्चालन गर्न लागिएको हो । उपप्रधानमन्त्री श्रेष्ठ, गृहसचिव दिनेश भट्टराई, कारागार व्यवस्थापन विभागका महानिर्देशक काशीराज दाहाल, नेपाल विपश्यना केन्द्रका क्षेत्रीय आचार्य रुप ज्योति, पूर्वप्रहरी महानिरीक्षक कुवेरसिंह रानासहित गृह मन्त्रालयमा बसेको बैठकले नक्खु कारागारबाट शिविर सञ्चालन गर्ने निर्णय गरेको हो । एक महिनाभित्रै नक्खु कारागारमा हुने १० दिवसीय शिविरपछि अरु कारागारमा पनि त्यही स्वरूपको शिविर आयोजना गरिने छ । केन्द्रीय कारागारसहित देशमा ७४ वटा कारागार छन् । ती कारागारमा झन्डै २५ हजार कैदीबन्दी छन् । नेपाल विपश्यना केन्द्रका धर्मसेवक सुशील शाहका अनुसार केन्द्रकै व्यवस्थापनमा शिविर सञ्चालन हुनेछ । यसअघि नक्खु, भीमफेदी, परासी र विराटनगर कारागारमा पहिलो चरणको योग शिविर सम्पन्न भइसकेको छ ।

# बढ्दै सम्बन्धविच्छेद



**मधेशदृष्टि**
**बारा ।**
वैदेशिक रोजगारी, पारिवारिक कलह र महिलामा आत्मनिर्भरता बढ्दै गएपछि बारामा सम्बन्धविच्छेदका घटना बढ्न थालेका छन् । जिल्ला अदालत बारामा गत आर्थिक वर्ष २०७९–८० मा १ सय १८ मुद्दा सम्बन्धविच्छेदको दर्ता भएका थिए ।
५३ जनाको गत आर्थिक वर्षमा सम्बन्धविच्छेद गरेका थिए भने ६५ वटा सम्बन्धविच्छेदका मुद्दा चालु आर्थिक वर्ष २०८१ का लागि हस्तान्तरण भएको जिल्ला अदालत बाराका रजिष्ट्रार लालबहादुर कार्कीले जानकारी दिए ।
चालु आर्थिक वर्षमा थप ७२ वटा सम्बन्धविच्छेदका मुद्दा थपिएका छन् भने ४१ मुद्दा फर्छ्यौट भएका छन् । जिल्ला अदालत बारामा मंसिर ११ गतेसम्ममा ९६ वटा सम्बन्धविच्छेदका मुद्दा कारवाहीक्रममा छन् भने गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा १ सय ८० सम्बन्धविच्छेदका मुद्दा मात्र दर्ता भएको देखिन्छ ।
सम्बन्धविच्छेदको मुख्य कारण वैदेशिक रोजगारी र आन्तरिक कलह नै मुख्य कारण रहेको जिल्ला अदालत बाराले जनाएको छ ।
व्यक्तिगत र घरायसी कारण देखाएर सम्बन्धविच्छेदको मुद्दा दर्ता गर्ने गरे पनि प्रमुख कारण भने वैदेशिक रोजगारी र आन्तरिक कलह रहेको देखिएको छ । कुटपिट गरेको, खानलगाउन नदिएको, वास्ता नगरेको, घरव्यवहार नसम्हालेको, छाडेर हिँडेकोजस्ता विषयमा बढी मुद्दा दर्ता हुने गरेको जिल्ला अदालत बारा रजिष्ट्रार कार्कीले जानकारी दिए ।


## गोदामहरु भाडामा

मधेश प्रदेशको आर्थिक राजधानी वीरगंज-पथलैया ६ लेन सडक जोडिएको भूगोलमा तपसिल बमोजिमका विभिन्न साइजका गोदामहरु भाडामा उपलब्ध छन्:
१. गोदाम नम्बर -१: ९,७०० स्क्वायर फिट
२. गोदाम नम्बर २: ८,१०० स्क्वायर फिट
३. गोदाम नम्बर ३: १०,४०० स्क्वायर फिट
४. गोदाम नम्बर ४: ३,६०० स्क्वायर फिट
नोटः ट्रक पार्किङ, बिजुली, बत्ती तथा पानीको सुविधा छ । साथै सिसिटिभी क्यामेरा पनि जडान गरिएको छ ।
**स्थानः आदर्श पोलिप्लाष्टिक प्रा. लि.**
जीतपुर सिमरा-२३, (डाबर नेपालको छेउ)
**सम्पर्कः**९८०२९१९०७८, ९८०२९१९०७१, ९८०२९१९०७६


# विवाह मण्डपमै चेक हस्तान्तरण

**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुर नगरपालिकामा असहायसँग मेयर कार्यक्रम लोकप्रिय बन्दै गएको छ ।
मधेश प्रदेशमै पहिलो महिला मेयर रिना कुमारी साहको उदारता र सक्रियताले नगरबासीमाझ असहायसँग मेयर कार्यक्रम लोकप्रिय बनेको हो ।
असहायसँग मेयर कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउने अठोटका साथ मौलापुर नगरपालिका–६ पथराका विजय गिरीको छोरीको विवाहमा सहभागी भई सोमबार मेयर साहले विवाहमण्डपमै सहयोग स्वरुप ३० हजार रुपैयाँको चेक हस्तान्तरण गरिन् ।
साथै उनले नगरक्षेत्रअन्तर्गतका सम्पूर्ण विपन्न परिवारको छोरीको विवाहमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै विवाह भन्दा एक हप्ताअघि विवाहको कार्डसहितको फाइल पेस गर्न आग्रह गरिन् । पेस हुने फाइलकै आधारमा विवाहकै दिन घरमै अनुदान रकमको चेक उपलब्ध गराउने उनले जानकारी गराइन् । छोरीको विवाहपछि आउने फाइल मान्य नहुने नियम लागु भएको मेयर साहले जानकारी दिइन् । असहायसँग मेयर कार्यक्रमअन्तर्गत मौलापुर नगर पालिकामा छोरीको विवाहका लागि आर्थिक वर्ष २०७९–८० मा ५० परिवारलाई आर्थिक सहयोग गरिएको छ । छोरीको विवाहमा सहयोगस्वरुप जनही ३० हजारका दरले ५० जना परिवार एवम् निवेदकको खातामा १५ लाख रुपैयाँ पठाइएको मौलापुर नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए । बाँकी केही निवेदकको रकम पठाउने प्रक्रियामा रहेको अधिकृत साहले जानकारी दिए ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन